Jana Aakash National Weekly

www.janaakash.com

जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- १८, २०८२ साल मंसिर ९ गते मंगलबार (November 25, 2025) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**

**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# अराजकताको पराकाष्ट, सरकार संकटमा




**मोहन कार्की**

**काठमाडौं–** नेपालमा यति मिति: २०८२ साल भदौ २३ र २४ गते भएको आन्दोलन विध्वस त्यही विध्वसपछि देशमा देखिएको विषम परिस्थितिमा बनेको शुशिला कार्कीको नेतृत्वको सरकार दुई महिना वित्न नपाउदै जेन्जी नामका अनेक खाले समूहले सरकार गठन भएको केही दिनमा नै गृहमन्त्रीको राजिनामा माग गरिरहेका थिए ।

वर्तमान अवस्थामा झनै उग्र भएर प्रधानमन्त्री शुशिला कार्कीको पनि राजिनामा माग गर्न थालेका छन् । जतातत‍ै जेन्जीको नाममा अराजकता बढेर गएको छ । आनदोलनताका आक्रोशमा केही अराजकता भए होलान् भनेर मान्न सकिन्थ्यो तर पछिल्लो समय जेन्जीले नै चयन गरेको सरकार छ । उनिहरुले भ्रष्टचार मुक्त समाजको परिकल्पना गरिएको र स्वतन्त्रता उनिहरुको मागको रुपरेखा देखिन्थ्यो ।

यस्तो महत्वपूर्ण काम गर्नलाई प्रणालीको विकास गर्न विषय विज्ञहरु खोजेर सरकारको बलमा काम गर्न थल्नुपर्ने थियो । जेन्जी भनेका अहिलेका नयाँ पुस्ताले अनुभव भएका अनुभवीहरुसँग सल्लाह लिएर सवैको मन जितेर समाज विकासको निर्माणमा लाग्नुको सट्टा जता जता राजनीतिक पार्टीले कार्यक्रम राख्छ त्यतै आगजनी, तोडफोड गर्ने गाली गलोज गर्ने जस्ता व्यवहार त देखिएकै छ । त्यतिले नपुगेर आफैले बनाएको सरकारलाई राजिनामा माग्नसमेत भ्याएका छन् ।

उनिहरुले नै छानेका केही विषय विज्ञ अर्थात माहावीर पुन, कुलमान घिसिङ, रामेश्वर खनाल, जगदिश खरेल विषय विज्ञको रुपमा मन्त्रीमण्डलमा छन् । उनिहरुले केही आशातित कामहरु गरिरहेको देखिन्छ । यस्तो वेलामा उत्साहित भएर अगाडी बढ्नु जेन्जीको लाईन हुनुपर्ने हो । तर त्यस्तो नभएर अर्को नै केही भईरहेको छ ।

अराजकताको सीमा नाघिन थालेको छ । लोकतन्त्रमा सवैको विचार, आस्था, विषय राख्न पाईन्छ । त्यही लोकतन्त्रको मान्यतामा ठेस पुग्यो भनेर सामाजिक सञ्जाल बन्द भएको झोकमा उत्तेजित भएर आन्दोलन गर्दा ७६ जना यतिका धेरै मानिस मरेका हुन् । जे जे गरेर मरे तर २१ जना त आन्दोलन गर्ने क्रममा नै मरेका हुन होइन र ? त्यसैले अहिलेको सरकारलाई तोकेकै समयमा शान्तिपूर्ण वातावरणमा प्रतिनिधिसभाको निर्वाचन गराउन सघाउने र आफैले भनेको नीति, विधि, विधानहरु काहाँ काहाँ कडकने बाझिने नीयमहरु, ऐनहरु छन् तिनलाई समय सुहाउदो परराष्ट्र नीति वाहेक देश र जनताको हितमा हुने गरी छिटो छरितो तरिकावाट काम गरेर देखाउन सक्ने नेतृत्वहरुलाई आउदै गरेको निर्वाचनमा विजयी गरेर सदनमा पठाउने र त्यसलाई विज्ञताहरुले जनता र देशको पक्षमा सम्पादन गर्ने र जनतालाई प्रत्यक्ष त्यसको जानकारी दिएर समाजको हितमा लगाउने काम गर्नुपर्ने वेला हो ।

यस्तो वेलामा अराजकता, उदण्ड देखाएर कसले काहा के भन्छ । काहा जुलुसमा जाने, महेश बस्नेतले के बोल्छ । काहा जान्छ भनेर व्यक्तिको पछि लाग्ने वेला होइन । काम गने वेला हो । नेपाली काँग्रेस र एमालेले ३६ बर्ष गर्न नसकेको काम जेन्जी पुस्ताको सरकारले ६ महिनामा गरेर देखायो । चुनाव पनि गरायो भन्ने तिर लागेर लक्ष्य भेटाउन लाग्नुपर्छ ।

एउटा युगको अन्त्य गर्न परिवर्तन आवश्यक थियो । भयो । त्यसवाट फेरी पुरानै पुन:राबृति गराउन तिनै पुराना शक्तिले युवा पुस्तालाई प्रयोग गर्न सक्छन् । युवा पुस्ताले उत्तेजित नभई रचनात्मक, सृर्जशीलता अर्थात शान्त भएर बुद्धि लगाएर समाजलाई जोड्नेतिर » बाकी ६ पृष्ठमा

## प्रतिष्ठानले प्रधानमन्त्रीलाई बुझायो प्रवासीलाई मतदानको अधिकार दिने प्रतिवेदन

**काठमाडौं–** नीति अध्ययन प्रतिष्ठानले विदेशमा रहेका नेपाली र नेपालभित्रै आफ्नो निर्वाचन क्षेत्र बाहिर रहने मतदातालाई मतदानको अवसर दिनका लागि अपनाउनुपने विधिबारे सुझाव सहितको अध्ययन प्रतिवेदन प्रधानमन्त्रीलाई हस्तान्तरण गरेको छ ।


प्रतिष्ठानले नेपाल भित्र फरक निर्वाचन क्षेत्रका मतदातालाई तत्कालै मतदानमा सहभागी गराउन पनि सकिने तर विदेशमा रहेकालाई भने केही जटिल हुने आसयको प्रतिवेदन बनाएको छ ।

प्रतिष्ठानका प्रबन्धक लक्ष्मण भट्टराईका अनुसार सरकारलाई सुझाव दिइएको छ । तर अब निर्णय कसरी गर्ने भन्नेबारे प्रतिष्ठानले केही भनेको छैन ।




प्राध्यापक डा. लेखनाथ शर्मा, लक्ष्मण भट्टराई, दीपककुमार खड्का, मोहनकुमार शर्मा र गोपाल आचार्यको समूहले अध्ययन गरेको थियो । प्रतिष्ठानले अहिले पहिचान गरिएका विधिहरूमध्ये नेपालभित्र अन्तर निर्वाचन क्षेत्र मतदान गराउन सहजै सकिन्छ । विदेशमा रहेका नेपालीहरूलाई मतदानमा सहभागी गराउनका लागि भने तत्काल केही जटिल हुनसक्छ । प्रतिष्ठानका अनुसार नेपालभित्रै मतदाता » बाकी ६ पृष्ठमा

## चितवनमा थपिए २२ हजार मतदाता




**चितवन–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि चितवनमा २२ हजार ३३८ मतदाता थपिएका छन् ।

बायोमेट्रिक ११ हजार ९० र राष्ट्रिय परिचयपत्रमार्फत ११ हजार २४८ मतदाता थपिएका हुन् ।

जिल्ला निर्वाचन कार्यालयका प्रमुख भीमशेन कार्कीका अनुसार बायोमेट्रिकबाट थपिएका मतदातामध्ये छ हजार ३११ पुरुष, चार हजार ७७६ जना महिला र तीन तेस्रो लिङ्गी रहेका छन् ।

उनका अनुसार अन्य जिल्लाका दुई हजार १२३ मतदाताले मतदाता नामावलीमा नाम दर्ता गराएका छन् । गत असोज १० गतेदेखि यही मङ्सिर ५ गतेसम्म ती मतदाताले आफ्नो नाम दर्ता गराएका हुन् ।

यस्तै त्रुटि सच्याउने ३४४ जना र ठाउँसारीका एक हजार ७२८ जनाले निवेदन दिएका छन् । प्रतिनिधिसभा सदस्य निर्वाचन २०७९ मा जिल्लामा चार लाख २१ हजार ३९२ मतदाता थिए । त्यो बेला तेस्रो लिङ्गी मतदाता एक जना थिए । निर्वाचन आयोगले अन्तिम नामावली » बाकी ६ पृष्ठमा

## देशलाई साम्प्रदायिकताबाट बचाउन पार्टी खोलेर अघि बढ्यौं : खगेन्द्र सुनार

**काठमाडौं–** हाम्रो पार्टी नेपालका अध्यक्ष खगेन्द्र सुनारले देशलाई साम्प्रदायिकताबाट बचाउन पार्टी खोलेर अघि बढेको बताएका छन् ।

सोमबार निर्वाचन आयोगबाट दल दर्ताको प्रमाणपत्र लिएपछि उनले यस्तो बताएका हुन् । कुनै व्यक्ति विशेषको जस्तो पार्टी हुन पुगेकाले सबैले अपनत्व गर्न सक्ने पार्टी बनाएर अगाडि बढेको उनको भनाइ छ । 'एमाले केपी ओलीको पार्टी भयो । कांग्रेस देउवा (शेरबहादुर देउवा)को पार्टी भयो । अरु दलहरू कोही प्रचण्डको पार्टी होला । तर यो हाम्रो पार्टीलाई सबैले हाम्रो भन्न सक्छन्,' उनले भने ।

हाम्रो पार्टीले देशलाई साम्प्रदायिकताबाट बचाउने पनि उनको भनाइ छ । पार्टी खोल्नुको उदेश्यबारे अध्यक्ष सुनारले भनेका छन्, 'यो बेलामा कसैले मधेश भनिरहेका छन्, कसैले हिमाल भनेका छन्, कसैले दलित भनेका छन्, कसैले जनजाति भनेका छन् । देशलाई साम्प्रदायिकताबाट बचाउने



सन्दर्भमा एउटा साझा बिन्दु कसैले खोज्नुपर्छ भन्ने लागेर त्यो अभ्यास हामीबाट गर्नपर्छ भनेर हाम्रो पार्टीलाई डेमोक्रेटिक पार्टीको रुपमा विकास गर्न चाहेका हौं ।' आगामी फागुन २१ मा चुनाव हुनेमा आफू विश्वस्त रहेको उनले बताए ।

### अनिवार्य अवकाशमा जाँदै मुख्यसचिव अर्याल

**काठमाडौं–** मुख्यसचिव एकनारायण अर्याल ९ मंसिरमा अनिवार्य अवकाशमा जाँदैछन् ।

५८ वर्षे उमेरहदका कारण मुख्यसचिव अर्याल यही ९ मंसिरमा अनिवार्य अवकाशमा जानेछन् । अर्याल १३ भदौ २०८१ मा मुख्यसचिव नियुक्त भएका हुन् ।

२०४६ सालमा प्रशासन सेवातर्फ नायबसुब्बा » बाकी ६ पृष्ठमा

## टेलिकमको बिलिङ प्रकरणमा अध्ययन प्रतिवेदन तयार, सञ्चारमन्त्री भन्छन् : हस्तक्षेप गर्दैनौं

**काठमाडौं–** सञ्चारमन्त्री जगदीश खरेलले नेपाल टेलिकमको नयाँ बिलिङ प्रणाली ठेक्कामा बाधक नबन्ने बताएका छन् ।

छानबिन समितिको प्रतिवेदन बुझ्दै सञ्चारमन्त्री खरेलले टेलिकमको आन्तरिक स्वायत्तामा मन्त्रालयले कुनै प्रकारको हस्तक्षेप नगर्ने बताएका हुन् ।

उनले भने, 'हामीले प्रतिवेदनमा समावेश गरेका सुझाव र रायलाई सहज कार्यान्वयन गरी टेलिकमको बिलिङ सिष्टमका सामग्रीहरू खरिदका लागि अरु सहज हुन्छ । टेलिकमको बिलिङ सिस्टमको खरिद प्रक्रियामा यो अवरोधक बन्दैनौं, हस्तक्षेप गर्दैनौं।'

उनले मन्त्रालयमा टेलिकमको बिलिङ प्रकरणबारे आएका विवाद र अख्तियारको चासो भएकाले मन्त्रालयले आन्तरिक प्रयोजनका लागि छानबिन समिति बनाइएको बताए ।



'टेलिकमको बिलिङ प्रकिया र ठेक्काबारे बाहिर केही विवादका कुरा पनि आएका थिए । खासगरी अख्तियारको पत्र र प्रधानमन्त्री कार्यालयको पत्रलाई आधार बनाएर मन्त्रालयको आन्तरिक प्रयोजनका लागि अध्ययन प्रतिवेदन बनाइएको हो।' मन्त्रीले भने ।

उनका अनुसार छानबिन समितिबाट प्राप्त प्रतिवेदनको एक/एक प्रति अख्तियार दुरूपयोग अनुसन्धान आयोग र प्रधानमन्त्री कार्यालयलाई पठाइनेछ। यस्तै पूर्वसचिव मणिराम गेलालले टेलिकमको बिलिङ प्रणालीको नयाँ ठेक्काको सम्पूर्ण प्रक्रियामा कुनै बाधा नपर्नेगरी प्रतिवेदन पेश गरेको बताए । उनले भने, ' यो अध्ययन प्रतिवेदनले टेलिकमको बिलिङ सिष्टमहरू खरिद प्रक्रियामा थप सहज हुन्छ। साथै हामीले पेश गरेका राय, सुझावहरू कार्यान्वयन गर्न र टेलिकमलाई सबल बनाउन सकिन्छ भन्ने अपेक्षासहित पेश गरेका छौं।'

सञ्चार मन्त्रालयले १३ कात्तिकमा टेलिकमको बिलिङ प्रणालीका सम्बन्धमा छानबिन गर्न समिति गठन गरेको थियो। जसमा पूर्वसचिव मणिराम गेलालको संयोजकत्वमा सहसचिवहरू गौरव गिरी, आदेश खड्का र कृष्ण पन्त, दूरसञ्चार प्राधिकरणका उपनिर्देशक प्रदीप पौडेल, नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका प्रबन्धक कमल लामिछाने र कानुन मन्त्रालयका उपसचिव राजेश थापा थिए ।

## प्रगतिशील लोकतान्त्रिक पार्टीको एकता घोषणा

**काठमाडौं–** प्रगतिशील लोकतान्त्रिक पार्टीको एकता घोषणा सभाको अध्यक्षता सन्तोष परियारले गर्ने भएका छन् । राष्ट्रिय सभागृहमा आज दिउँसो साढे १२ बजे एकता घोषणा सभा आयोजना हुँदैछ ।

सो सभाको अध्यक्षता सन्तोष परियारले गर्ने, दुर्गा सोबले कार्यक्रम सञ्चालन गर्ने र सुदन किराँतीले स्वागत मन्तव्य राख्ने गरी कार्यक्रमको खाका तयार पारिएको छ ।

बाबुराम भट्टराईले स्थापना गरेको र हाल दुर्गा सोबले नेतृत्व गरेको जसपा (नयाँशक्ति), जनार्दन शर्माको पहलमा स्थापना गरेको र हाल सुदन किराँतीले नेतृत्व गरेको प्रगतिशील लोकतान्त्रिक पार्टी, रास्वपा परित्याग गरेका विघटित प्रतिनिधि सभा सदस्य सन्तोष परियार नेतृत्वको टोलीसँग एकता घोषणा हुन लागेको हो । सो सभाबाट पार्टीको नीति, नेतृत्व, कार्यक्रम लगायतबारे जानकारी दिइने नेताहरुले बताएका छन् । एकतापछिको पार्टीको कार्यकारी भूमिकामा अध्यक्ष परिषद बनाउने तयारी छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- १८,
२०८२ साल मसिर ९ गते मंगलबार
25 NOVEMBER 2025, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

# विषम परिस्थितिमा ख्यालठट्टा नगरौं ।

नेपाल यतिवेला निक्कै गम्भिर अवस्थामा गुज्रीरहेको छ । राजनीतिक पार्टीहरूको फरम्याट नै बिग्रेको छ । देशको महत्वपूर्ण अंगहरूनै निरासामा परिणत भएको छ । २०८२ भदौ २३ र २४ गते अकल्पनिय ढंगवाट घटेको घटनापछि नेपालको अर्थतन्त्रमा नकरात्मक असर परेको छ । त्यस घटनामा मारिएका जेन्जीपुस्ताका आन्दोलनकारी, सुरक्षामा खटिएका प्रहरी, सुपरमाकेटतिर सामान चोर्न छिरेका चोरहरू सवै गरेर झण्डै १०० को हाराहारीमा मानिसको ज्यान गएको छ । ति ज्यान गुमाएका परिवारहरूमा पने पीडा त छदैछ ।

त्यस्तै अर्को राज्यको अर्बौको क्षति व्याक्तिगत रूपमा राजनीतिक पार्टी, प्रहरी प्रसाशनका उच्च ओहोदाका पदाधिकारीहरूको घरमा आगजनी हुदा भएको भौतिक क्षति, भाटभटेनी लगायत अन्य नीति कम्पलेक्सहरूमा आगजनीले भौतिक क्षति र त्यसमा हुने आर्थिक चलायनमान, रोजगार लगायतका समस्या निम्त्याएको छ । यतिवेला हजारौले रोजगार गुमाएको अवस्था छ । खरोर्बौ रूपैयाको असर परेको छ भने लगानीको लागि विश्वासको वातावरण बिग्रेको अवस्था छ ।

यस्तो विषम परिस्थितिमा सवै नेपालीहरू मिलेर विगतमा गरेका कमीकमजारीहरूलाई अफैले स्वयमले त्यागरेर देशको युग परिवर्तन भयो नेपाललाई पुरानो तरिकावाट होइन रहेछ । नयाँ तरिकावाट पुराना कानून, नियम, ऐन युग सुहाउदो नभएकै रहेछ भन्ने आत्म ग्लानीका साथ देश विकासको लागि उत्साह भर्ने कामहरू जिम्मेवार पार्टीका नेताहरू बसेर समिक्षा गर्नुपने वेला हो ।

त्यसैगरी परिवर्तनको लागि आट गरेका नयाँ पुस्ता अर्थात हाम्रा भाईबहिनी पुस्ताहरूले सधै आक्रोस मात्र पाल्ने होइन । भदौ २३ गतेको घटनालाई बारम्बार उठाएर त्यसैलाई आधार बनाएर उत्तेजित, उदण्ड मात्र मच्चाएर बस्नु हुदैन । विगतमा सत्तामा बसेकाहरूले अमन चयन सुव्यवस्था गर्न सकेनन् भनेर पोखिएको आक्रोसकै कारण संविधान समेत मिचेर जेन्जीको आन्दोलनको वलमा बनेको सरकार यतिवेलाको हो । यहिवेलामा जेन्जी पुस्ता बढी जिम्मेवार हुनुपर्छ ।

किनकी जेन्जीले बनाएको सरकार सफल भयो भने मात्र जेन्जीको २३ गतेको सफा सुव्यवस्था र स्वतन्त्रताको जेन्जीको साथीहरूले बगाएको रगतमा कमलको फुल फुल्न सक्छ । देशमा सुसाशन कायम गर्न सकिन्छ । अहिले जसरी सडकमा जसरी तोडफोड, अराजकता, आगजनी जस्ता कार्य भईरहेको छ । त्यसवाट देशको विकास हुन सक्दैन । देश विकास गर्न नीति, विधि, विधान र काम गरेर लक्ष्य प्राप्ति गर्न सक्नुपर्छ तवमात्र देशको विकास हुन्छ ।

त्यसैले कसैले पनि देशलाई अप्ठ्यारो परेको वेलामा द्वान्द्ध मच्चाउने काम कसैले काहीवाट गर्नुहुदैन ।

# सरकार दलकै हितमा प्रतिबद्ध देखिन्छ



■ शंकरनाथ काले

जेन्जी आन्दोलनपछि नेपालमा एक प्रकारको ठूलै राजनीतिक भूकम्प गएको देखियो । तत्कालीन अवस्थामा राज्यमा ठूलै उथलपुथल हुने सम्भावना पनि थियो । संविधान र व्यवस्था नै अब के होला भन्ने बारेमा सोच्नुपर्ने अवस्था आएको थियो । दलका नेताहरुको भागाभाग भयो । तत्कालीन प्रधानमन्त्रीले राजीनामा दिएर सुरक्षित स्थानतर्फ जानुपर्ने अवस्थासम्म आयो, जननिर्वाचित संसद् विघटन भयो अर्थात् समग्रमा कोलाहल र कौतुहलको अवस्था सृजना भएको थियो । यसै बीचमा गैरदलीय व्यक्तिलाई जेन्जीको समर्थनमा प्रधानमन्त्री बनाउनुपर्ने अवस्था आयो ।

यो अवस्थामा बहुदलीय व्यवस्थालाई नै समाप्त पार्न सकिने माहोल सृजना भएको थियो । तर ती सबै सम्भावनालाई नकार्दै वर्तमान प्रधानमन्त्री सुशीला कार्कीले नेपालको संविधानलाई जीवित राख्नुपर्दछ, बहुदलीय व्यवस्थालाई मर्न दिनुहुँदैन, जनताले चाहेका र रोजेका व्यवस्थाहरु निर्वाचित जनप्रतिनिधिहरुमार्फत नै हुनुपर्दछ भन्ने उदार भाव राखेर अघि बढेको स्पष्ट देखिन्छ । आज आएर हेर्दा आन्दालनको उपलब्धि भनेको फगत सुशीला कार्कीलाई प्रधानमन्त्री बनाउने र ०८४ मा हुने निर्वाचनलाई ०८२ मा झार्ने कार्य मात्र गरेको देखिन्छ ।

आन्दोलनले के-के न परिवर्तन हुन्छ भनेर सोचेकाहरुलाई सुशीला कार्की नेतृत्वको सरकारले मुलुकलाई भाद्र २२ गतेकै अवस्थामा पुऱ्याउने एकमात्र लक्ष्य राखेको देखिन्छ अर्थात् सरकार वास्तवमा दलकै हितमा कार्य गर्दै अघि बढिरहेको छ । यो अवस्थामा यो र त्यो बहाना गरेर जिम्मेवार राजनीतिक दलहरुले यो सरकारको आलोचना गर्नु भनेको आउँदै गरेको निर्वाचनमा जनताले आफूलाई कतै तिरस्कार त गर्ने होइनन् भन्ने आशंका मात्र हो भन्ने कुरामा विश्लेषण गर्न सकिन्छ ।

जेन्जीले भदौ २३ गतेको दिनमा आन्दोलन गरिरहँदा उसले मुलुकमा सुशासन स्थापित होस् भन्ने मूल एजेन्डा बोकेको थियो । मुलुकमा देखिएका असफल उन्मुख सम्पूर्ण घटनाहरु जिम्मेवार हुनुपर्ने नेताहरुको गैरजिम्मेवारीपूर्ण व्यवहारको कारण सृजना भइरहेको छ भन्ने जेन्जीको ठहर थियो । जेन्जीले सरकार र जिम्मेवार नेताहरुलाई सच्चिनुहोस् भन्नको लागि खबरदारी गरिरहेका थिए, नकि सक्किनुस् भन्ने उनीहरुको चाहना थियो ।

आफ्ना हजुरबा पुस्ता र बाउ पुस्ताले भनेको सरकारले कहिल्यै सुनेन र सुन्न चाहेन, जसको कारण जेन्जी उमेरका युवाहरुलाई नेपालमा नै बसेर आफ्नो भविष्य खोज्ने कुनै आधार नै निर्माण हुन सकिरहेको थिएन । दिनहुँ हजारौंको संख्यामा युवाहरु विदेश जान बाध्य भएका घटनाहरुले सचेत युवाहरुको मन रोइरहेको थियो । कमसे कम हामी युवाहरुलाई आफ्नो मुलुकमा नै बसेर काम गर्ने वातावरण सृजना गरिदेऊ, जसको लागि भ्रष्टाचार नगर, स्वेच्छाचारी नबन भन्ने नेताहरुलाई युवाहरुको सन्देश थियो । जेन्जी युवाहरुको आवाज आम नेपालीको आवाज हो ।

जनतालाई सार्वभौमसत्ता सम्पन्न नागरिक ठानेर वास्तविक जनप्रतिनिधिको रुपमा आफ्नो जिम्मेवारीहरु पूरा गर, बाँकी हामी आफैं गर्छौं भन्ने युवाहरुको अनुरोध हो । युवाहरुको जायज मागलाई सम्बोधन गर्नुको साटो सरकारले दमनको बाटो अख्तियार गऱ्यो, जसको कारण परिस्थिति तनावपूर्ण बन्न पुग्यो । अनाहकमा सरकारको कारण भाद्र २१ मा १९ युवाहरुले मृत्युवरण गर्न पुगे । तत्कालीन सरकारमा रहेकाहरुलाई उक्त घटनाप्रति आजको दिनसम्म कुनै पछुतो रहेको देखिएको छैन । बरु उल्टै एकले अर्कोलाई दोष लगाएर आफूले आफूलाई निर्दोष करार गरिरहेका छन् ।

हामीले बिर्सन हुँदैन, २३ गतेको घटना नघटेको भए २४ गतेको घटना घट्ने नै थिएन । २३ गते निर्दोष युवाहरुको ज्यान लिइएको थियो । सरकार क्रुर शैलीमा प्रस्तुत भएको थियो । आफ्नो परिवारको कलेजोले आफ्नो मुलुकमा नागरिक भएर बाँच्न पाउनुपर्ने अधिकार माग्दै गर्दा गोलीको सिकार भई मारिनुपरेको घटनालाई कुनै परिवार आक्रोशित नहुने अवस्था हुँदैन, आफ्नो समाजको एउटा युवा दमनको सिकारमा परेर मरिरहँदा कुनै समाजका व्यक्तिहरुमा क्रोध नजान्ने अवस्था हुँदैन, एउटा नेपाली विनाकारण राज्यको हातबाट मरिरहँदा कुनै सचेत नेपालीको शरीरको रगत नउम्लिने कुरै थिएन ।

राज्यको आततायी व्यवहार देखे-भोगेका ती सम्पूर्ण पक्षहरु भाद्र २४ गते सडकमा ओर्लिएका हुन् । सडकमा ओर्लिंदा उनीहरुले २३ गतेको घटना मात्र देखेका थिए । उनीहरुमा के गर्न हुन्छ र के गर्नुहुन्न भन्ने सोच्न सक्ने शक्तिसमेत गुमेको थियो । उनीहरुलाई सरकारी अड्डा अदालत सबै सरकारको हो भन्ने मात्र भ्रमको बादलले छोपेको थियो । रिस र प्रतिशोधको आवेग बढेको बेलामा मानिसले सही र गलत छुट्याउन सक्दैन । २४ गतेको अवस्था त्यस्तै थियो । त्यो अवस्थाको फाइदा उठाउन केही पक्ष सक्रिय नभएका पनि होइनन् ।

विरोधमा उत्रेकालाई त्यो हदसम्म पुग्नको लागि अभिप्रेरित गर्ने दोस्रो शक्तिहरुले अधिकतम तानाबाना नबुनेका पनि होइनन् । तर २४ गतेको घटना २३ गतेको उपज हो । २३ गतेको घटना त्योभन्दा अघिल्ला कैयौं वर्षदेखि गुम्सिएको विरोधको बीउ थियो । घुसपैठ गर्नेको शक्ति त्यति ठूलो हुन्छ भने त्यस्ता घुसपेठियाहरु आज पनि कुनै न कुनै बहानामा बाँकी बचेका संरचनाहरु ध्वस्त पार्न हदैसम्मको प्रयास गरिरहेका हुन्थे । भाद्र २४ गतेपछिको आजको शान्तिपूर्ण वातावरण घुसपेठियाहरुले रोजेको विषय हो र ? यो त आम नेपाली नागरिकको सुझबुझ र विवेकको परिणाम हो । यो वास्तविकतालाई नजरअन्दाज गरिनुहुँदैन ।

जेन्जी आन्दोलनको जगमा उभिएको यो सरकार कता-कता तिल्मिलाइरहेको देखिन्छ । सरकार कुन बाटोबाट अघि बढिरहेको छ, स्पष्ट देखिएको छैन । शान्ति सुरक्षाको प्रत्याभूत गर्नु सरकारको दायित्व हो तर उदाहरणको रुपमा दुर्गा प्रसाईंलाई उनले निकालेको वक्तव्यको आधारमै हिरासतमा लिने कार्य गरिरहेको छ । लोकतन्त्रमा बोलेकै भरमा कसैको व्यक्तिगत स्वतन्त्रतामाथि प्रहार गरिँदैन । शान्ति, अमनचयन कायम गर्नु त पर्दछ तर संविधानप्रदत्त हक हनन गरेर होइन ।

वर्तमान सरकारमा बस्नेमध्येकाहरुले नै हिजोका दिनमा कसैलाई रातिको समयमा गिरफ्तार गर्दै गर्दा उक्त कार्यको विरोध गनेगरेका थिए तर आफैंले मध्यरातमा कसैलाई गिरफ्तार गर्दै गर्दा त्यसको औचित्य पुष्टि गर्नुपने वा नपर्ने बताउन सकिरहेका छैनन् । दुर्गा प्रसाईलाई अदालतको आदेशले हिरासतमुक्त गरिसकेको अवस्था छ । भोलिका दिनमा अन्य कुनै अभियान अघि बढाउँदा पनि कतै अदालतले रोक्छ कि भनी सोचेर, विवेक पुऱ्याएर मात्र आवश्यक निर्णय लिनुपने हुन्छ । यो सरकार जेन्जीको जगमा नागरिकको प्रतिनिधित्व गर्दै उभिएको सरकार भएकोले यसलाई गल्ती गर्ने छुट छैन ।

निर्वाचनमा प्रत्येक दलले राजनीतिक सक्रियता देखाउने गर्दछन् । राजनीतिक सक्रियता नदेखाई जनताको विश्वास जित्न सकिँदैन । कुनै दलका कुनै नेता-कार्यकर्ता कुनै ठाउँमा कुनै राजनीतिक गतिविधिको लागि जान खोज्दा त्यहाँ जाने वातावरण बन्दैन भने सरकारले निर्वाचन कसरी गराउन सक्ला भन्ने प्रश्न उठ्नु वा उठाउनु स्वाभाविक नै हो । एउटा दलको एउटा नेता एक ठाउँमा जाँदा कर्फ्यू नै लगाउनुपर्ने वातावरण बन्छ भने भोलि सबै दलका सबै नेताहरु देशव्यापीरुपमा राजनीतिक क्रियाकलापमा भाग लिन थाले भने त्यो बेलामा सरकारले के गर्ला भन्ने गम्भीर प्रश्न खडा भएको छ । यसको उत्तर सरकारले दिनुपर्ने हुन्छ ।

अर्कोतर्फ प्रधानमन्त्रीले राजनीतिक दलका प्रमुख नेताहरुसँग कुनै पनि संवाद गर्नुभएको देखिँदैन । अभिभावकको रुपमा रहेकी प्रधानमन्त्रीले राजनीतिक दलका नेताहरुमाथि निषेधको राजनीतिक गर्नुहुन्छ भने त्यसले मुलुकमा कसरी निर्वाचनको वातावरण सृजना गर्न सक्छ ? यो प्रश्न पनि उठाइएको छ । हो, यो सरकार जेन्जी भावनाअनुसार गठन भएको हो तर जेन्जीको इच्छा, चाहना जे भए पनि सरकारले सबैलाई समानरुपमा व्यवहार गर्न सक्नुपर्दछ ।

काखापाखा गर्ने वा निषेध गर्ने कार्य गरियो भने त्यसले निरंकुशताको जग खन्नेछ । त्यो जगमा उभिने भोलिको राजनीति पक्कै पनि निरंकुश र स्वेच्छाचारी नै हुनेछ । कुनै दलका कुनै नेतालाई विगतमा भएका कमी-कमजोरीको लागि जिम्मेवार ठहऱ्याउनुपर्ला, कसैलाई कानुनको दायरामा ल्याउनुपने स्थिति पनि आउला, तर त्यसो भन्दै गर्दा पनि कुनै दललाई निषेध गर्नु भनेको त्यसले लोकतन्त्रलाई समाप्त पार्ने कार्य गर्नु हो । भाद्र २३ र २४ को जेन्जी आन्दोलनमा भएको दमन र हिंसात्मक गतिविधिको विरुद्ध कानुनी कारबाही गरेर सुशासन र कानुनी राजको प्रत्याभूति गराउनुपर्ने जिम्मेवारी त सरकारको छँदै छ, साथै राजनीतिक दलहरुको विश्वास जितेर उनीहरुलाई निर्वाचनमा सहभागी हुने वातावरण तयार गरी प्रतिबद्धता गराउनुपर्ने कार्यकौशलतासमेत प्रदर्शन गर्नुपर्नेछ ।

सरकारको आयु ६ महिनाको लागि मात्र भएको र ६ महिनापछि फेरि राजनीतिक दलहरुकै पोल्टामा बागडोर जाने निश्चित देखेका प्रशासनिकलगायतका शक्तिहरुले यो सरकारलाई तुलनात्मकरुपमा सहयोग गरिरहेका हुँदैनन् । एकातिर लामो समयदेखि राजनीतिक दलहरुको कब्जामा रहेको राज्य संरचना, त्यसमाथि बहुदलीय प्रजातान्त्रिक व्यवस्था भएको मुलुकमा पक्कै राजनीतिक दलहरु नै शक्तिशाली हुनेछन् । राजनीतिक दलहरुकै सत्तामा बाहुल्यता हुने गर्दछ । त्योसँग जुधेर आफ्नै ढंगले अघि बढ्न सक्ने क्षमता यस्तो सरकारमा हुँदैन ।

यो सरकारको शक्ति भनेको आम नेपाली जनता हुन सक्छन् तर त्यसको लागि सरकारले जनताको भावनाअनुसार कार्य गर्न सकेको हुनुपर्दछ । हिजोको सरकार र आजको सरकारमा तात्विक भिन्नता नदेखेपछि जनतामा निराशा र अविश्वास छाउनु स्वाभाविक नै हो । जनता नै निराश भए भने यो सरकारले जस्तो लक्ष्य बोके पनि सफल हुनेछैन । तसर्थ आज पनि समय बिग्रिसकेको छैन, वर्तमान सरकारले जेन्जीको भावना मात्र होइन आम नेपालीको चाहनाअनुसार सम्पूर्ण कार्यहरु द्रुत गतिमा चामत्कारिक ढंगले गर्न सक्नुपर्दछ ।

अन्यथा समस्या समाधानको लागि एउटा मात्र विकल्प विघटित प्रतिनिधिसभाको पुनर्स्थापना नै हुन जानेछ, जुन आम नेपाली जनताको इच्छा र चाहनाको विषय होइन पनि । विघटित प्रतिनिधिसभाको पुनर्स्थापनाको ठाउँमा पुगियो भने संविधान तलिकमा आउला तर जेन्जी आन्दोलन, जेन्जी आन्दोलनमा भएका शहीदको बलिदान उसै खेर त जाने नै छ तर भोलिको दिनमा सच्चिने सम्भावना देखिएको राजनीतिक दलका नेताहरुको चरित्र र व्यवहार अझ बढी गैरजिम्मेवार र स्वेच्छाचारिता उन्मुख हुनेछ । तसर्थ आज सबैको विवेकको परीक्षा लिने समय हो ।

**(लेखक काफ्ले अधिवक्ता हुनुहुन्छ ।)**

जन आकाश
National Weekly राष्ट्रिय साप्ताहिक
JANAAKASH.COM.NP



# दोलखाका क्षेत्र नं १ का अम्बिर कार्की रास्वपामा प्रवेश



काठमाडौं- दोलोखा जिल्लाको जिरी नगर पालिका क्षेत्र नं १ का अम्बिर कार्की हालै रास्वपामा प्रवेश गरेका छन् । जिरी नगरपालिकामा सामाजिक सेवा र विकासका क्षेत्रमा लामो समयदेखि सक्रिय रहेका अम्बिर कार्की अब राष्ट्रिय स्तरमा आफ्नो नेतृत्व र योजनाहरूलाई विस्तार गर्न चाहन्छन् । रास्वपामा सक्रिय सदस्यको रूपमा, उनी अहिले युवा सशक्तिकरण र सामाजिक विकासका लागि नयाँ कदम चाल्ने उद्देश्यले काम गर्दैछन् ।

अम्बिर कार्कीले जिरी नगरपालिकामा विभिन्न सामाजिक र विकासात्मक कार्यहरूको पहल गरेका छन्, यद्यपि उनी अझ धेरै विकासका कार्यहरू गर्न चाहन्छन् । उनले जिरी नगरपालिकाको प्रगति र समृद्धिका लागि शिक्षा, स्वास्थ्य, र सामाजिक सेवामा सुधारको आवश्यकता महसुस गर्दै भविष्यमा यसका लागि थप योजनाहरू बनाउने योजना बनाएका छन् ।

अम्बिर कार्कीको सोचमा, जिरी नगर पालिका अझ आत्मनिर्भर र समृद्ध बनाउनका लागि आधारभूत पूर्वाधारको विकास र युवापिढीलाई सशक्त बनाउने महत्त्वपूर्ण छ । त्यसै अनुरूप, उनले समाजमा रहेको असमानता घटाउन, शिक्षा र स्वास्थ्य सेवाको स्तर सुधार्न, र युवाहरूलाई रोजगारीका अवसरहरू सृजना गर्नका लागि योजनाहरू तयार गरेका छन् । उनले भने, समाजलाई समृद्ध बनाउन हामीलाई युवाहरूको सक्रिय सहभागिता र सशक्त नेतृत्वको आवश्यकता छ, र यसको लागि मेरो योजना प्राथमिकताका साथ अघि बढ्नेछ ।

अम्बिर कार्की रास्वपा सँगको आफ्नो सहभागिता मार्फत, युवापिढीलाई आत्मनिर्भर बनाउने र समान अवसरको सिर्जना गर्ने दिशा तय गर्दै छन् । उनले भनेकाछन्, युवाहरूको ऊर्जा र सृजनात्मकता नै राष्ट्रको सशक्त विकासको आधार हो । यसका लागि, ठोस योजनाहरूको निर्माण र तिनको कार्यान्वयनमा हामी सबै मिलेर जुट्नु पर्नेछ ।

उनका अनुसार, जिरी नगरपालिकाको विकासको यात्रा मात्र स्थानीय स्तरमा होइन, समग्र राष्ट्रमा सकारात्मक प्रभाव पर्नुपर्ने हो । रास्वपामा आफ्नो सहभागितासँगै, उनी देशभरिका युवाहरूलाई एकजुट गर्दै उनीहरूको भविष्य निर्माण गर्नका लागि ठोस कदम चाल्ने योजनामा छन् ।

अम्बिर कार्की रास्वपामा युवापिढीको सशक्तिकरण, समान अवसरको सिर्जना, र समग्र सामाजिक र आर्थिक उन्नतिको लागि काम गर्न प्रतिबद्ध छन् । आगामी दिनहरूमा, उनी शिक्षा, स्वास्थ्य, रोजगारी, र सामाजिक न्यायका क्षेत्रमा सुधार ल्याउनका लागि योजनाहरू तयार गर्दै छन् । उनले थपे, राष्ट्रको समृद्धिका लागि युवा र महिलाहरूको सक्रिय सहभागिता अत्यन्तै आवश्यक छ, र यसलाई सम्भव बनाउन रास्वपा महत्वपूर्ण भूमिका निभाउन सक्छ ।

अम्बिर कार्कीको रास्वपामा प्रवेशको उद्देश्य भनेको नेपालका युवाहरूको उज्जवल भविष्य निर्माण गर्नको लागि तिनीहरूको क्षमता र नेतृत्वलाई अगाडि बढाउनु हो । रास्वपामा आफ्नो सक्रिय भूमिकासँग, उनले देशको सामाजिक र आर्थिक उत्थानमा योगदान पुर्याउने योजना बनाएका छन्।

अम्बिर कार्कीको विश्वास छ कि नेपालका युवाहरूलाई एकजुट गरेर, समग्र राष्ट्रको सामाजिक र आर्थिक उत्थानमा योगदान पुर्याउनु सम्भव छ । उनले जिरी नगरपालिकामा गरेका योगदानलाई राष्ट्रिय स्तरमा विस्तार गर्दै, आफूले आगामी दिनहरूमा युवापिढीलाई थप अवसर दिन र समग्र समाजमा सुधार ल्याउने उद्देश्य राखेका छन् ।

## रामेछाप डायरी

# रामेछाप नगरपालिकामा मेलमिलापकर्ताहरुको लागि अभिमुखिकरण




रामेछाप- रामेछापको रामेछाप नगरपालिकाले मेलमिलापकर्ताहरुको लागि अभिमुखिकरण कार्यक्रम गरेको छ । नगरपालिकाको सभा हलमा २ दिनसम्म अभिमुखिकरण कार्यक्रम चलेको हो । विवादको साटो मेलमिलापको बाटो भन्ने मूल नाराका साथ सामुदायिक मेलमिलापकर्ताहरुले विवाद समाधान गर्दै आएका छन ।

विवाद समाधानको क्रममा आइपरेका विभिन्न समस्याहरुको सहजिरकणको लागी भएको अभिमुखिकरण कार्यक्रम सोमबार(आज) सकिएको हो । विवाद समाधानको क्रममा मेलमिलापकर्तालाई परेको विभिन्न कानूनी समस्याहरुको बारेमा छलफल तथा अन्तरकृया भएको हो । मेलमिलापकर्ताहरुले गाउँघरमा लेनदेनको विषयसँग सम्बन्धित विवादहरु बढि मात्रामा आउने गरेको बताएका छन । बिना प्रमाणका लेनदेनसँग सम्बन्धित विवादहरु निरुपणमा समस्या पर्ने गरेको उनिहरुले सुनाए ।

कार्यक्रममा जिल्ला अदालत रामेछापका जिल्ला न्यायाधीश राजेन्द्र नेपालले मेलमिलापकर्ताहरुले राखेका विभिन्न कानूनी समस्याहरुको बारेमा प्रष्ट पार्नुभयो । उहाँले न्यायिक समिति तथा मेलमिलापकेन्द्रहरु अदालतभन्दा पनि ठुलो रहेको बताउनुभयो । अदालतमा आएका मुद्धाहरु वर्षौंसम्म पनि फैसला हुन नसकिरहेको अवस्थामा न्यायिक समिति तथा मेलमिलापकेन्दहरुले बिना झन्झट दुवैको जित हुने गरी निरुपण गर्दै आएको बताउनुभयो । यस प्रति नागरीकहरुको विश्वास बढ्दै गएको उहाँको भनाई छ । न्यायिक समितिका संयोजक एवं रामेछाप नगरपालिकाका उपप्रमुख बाल कुमारी कार्कीले नगरपालिकाले हरेक वर्ष विवाद समाधानमा सहजता ल्याउन मेलमिलापकर्ताहरुसँग न्यायाधीशसहिको उपस्थितीमा अभिमुखिकरण कार्यक्रम गर्दै आएको बताउनुभयो । मेलमिलापलाई सबैको पहुँच र सहज बनाउन सबै वडामा वडाअध्यक्षको संयोजकत्वमा व्यवस्थापन समिति गठन गरिएको उहाँले बताउनुभयो । अभिमुखिकरण कार्यक्रममा ९ वटै वडाका सूचिकृत मेलमिलापकर्ताहरु सहभागि थिए ।

# किसान श्रेष्ठको घर पुगेर सुदनले भने- स्थानीय युवालाई नधम्काउनू

काठमाडौं- हामी नेपाल संस्थाका संयोजक सुदन गुरुङ बारास्थित किसान श्रेष्ठको घर पुगेर स्थानीय युवालाई नधम्काउन अनुरोध गरेका छन् ।

पीडित युवालाई लिएर उनी शनिबार पूर्वमन्त्री श्रेष्ठको घर पुगेका थिए । घरमा श्रेष्ठ भने थिएनन् ।

आफूले सो घरमा रहेकाहरुलाई नधम्काउने सन्देश श्रेष्ठलाई पुर्याइदिन भनेको गुरुङले बताए ।

श्रेष्ठको घरबाट बाहिरिएपछि सुदनले भने, 'बारबार आएका थर्काउने गर्दो रहेछ । जेनजीहरुलाई यानतान गरेर यसोउसो गर्दो रहेछ । मेन्टल टर्चर दिन गएको रहेछ । त्यसकारण उहाँको घरमा यस्तो काम नगर्दिनुहोला भनेर रिक्वेस्ट गरेर उहाँका म्यासेन्जरहरुलाई पठाएको छु ।' किसान श्रेष्ठसँग भने भेट नभएको उनले बताए ।

स्थानीय युवासँग द्वन्द्वको वातावरण नबनोस् भन्नका लागि श्रेष्ठको घर पुगेको सुदनको भनाइ छ । 'द्वन्द्वको वातावरण नबनोस् भनेर,' किसान श्रेष्ठको घर जानुको कारणबारे सुदनले भने, 'भाइको सुरक्षाका लागि नै हामी वार्ता गर्न गएका थियौं ।'

सुदनसँगै रहेका एक युवकले आफू प्रहरीकै सामुन्ने कुटिएको भन्दै आफूले असुरक्षित महसुस गरिरहेको बताएका थिए । प्रहरीमाथि नै आशंका गर्दै उनले भने, 'सुरक्षाको अलिकति पनि महसुस भइराखेको छैन । मलाई पुलिस प्रशासनसँग पनि विश्वास छैन । पुलिस प्रशासनकै अगाडि मलाई चार-पाँच जनाले पिट्यो ।'



कुटपिटमा कसको संलग्नता छ भनेर उनले खुलाएन् । तर, आफूलाई कुट्नेहरुलाई प्रहरीले नरोकेको उनले गुनासो गरे ।

जेनजीको नाममा भएको आतंक रोक्न किसान श्रेष्ठको माग

जेनजीको अगुवा दाबी गरिरहेका सुदन गुरुङ घरमै गएर धम्की दिएपछि कृष्णकुमार श्रेष्ठ(किसान)ले आतंक रोकी शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन माग गरेका छन् । जेनजी आन्दोलनका बेला जलाइएको घर पुनर्निर्माण भइरहेको बेला लुटपाट र गुन्डागर्दीको शैलीमा सुदन पुगेर कामदारलाई धम्क्याएको श्रेष्ठको आरोप छ ।

उनले लेखेका छन्, 'म पार्टी कामको सिलसिलामा काठमाडौं गएको मौका छोपी आज ६ गते मेरो जितपुर सिमरा -४ औरहामा रहेको मेरो घरमा करिव विहान ११ वजे जेन जी को कथित नेता हुँ भन्दै लुटपाट र गुण्डागर्दी शैलीमा सुदन गुरुङ भन्ने व्यक्ति प्रवेश गरी २४ गते जलाईएका घर पुनर्निर्माण गर्ने मेरा कर्मचारी कामदारलाई धम्क्याउने र किसान श्रेष्ठको घर फेरि जलाउँछु भन्दै तेरो नेतालाई जे पनि हुन सक्छ भनेर धम्की दिएको घटनाको घोर भर्त्सना गर्दछु । यसरी जेन जीका नाममा भैरहेको आतंक रोकी शान्ती सुरक्षाको प्रत्याभूति गराइदिन नेपाल सरकार र स्थानीय सरकारलाई अनुरोधसमेत गर्दछु ।'

# रसुवागढी नाकास्थित 'बेलीब्रिज' निर्माणमा चिनियाँ पक्षको प्राथमिकता



रसुवा- नेपाल-चीन जोड्ने रसुवागढीस्थित नाकामा निर्माणाधीन बेलीब्रिज तयारीको कामले तीव्रता पाएको छ ।

दैनिक ३०-३५ जना चिनियाँ कामदारसहितको प्राविधिक समूह आधुनिक उपकरणको समेत प्रयोग गरी उच्च प्राथमिकताका साथ निर्माण प्रक्रियमा जुटेसँगै मितेरी पुलका रुपमा परिचित सो बेलीब्रिज अब छिट्टै बन्ने अवस्थामा पुगेको हो।

गत असारमा ल्हेन्देखोलामा आएको बाढीले रसुवागढी नाकास्थित अन्तरराष्ट्रियस्तरको पक्की पुल बगाएपछि चीन सरकारको सहयोगमा निर्माण भइरहेको बेलीब्रिज अबको एक महिनाभित्र तयार भइसक्ने स्थानीय बासिन्दा तथा सुरक्षाकर्मीको भनाइ छ।

चिनियाँ पक्षका अनुसार यसअघि नै तयार गरिसक्ने योजनाका साथ काम सुरु भए पनि लगातारको वर्षासहित नदी तथा खोलामा आएको बाढीका कारण कामले गति लिन नसक्दा निर्माण कार्य ढिलो हुन पुगेको हो।

खोलामा पानीको बहाव नघट्दा, बिच्छ्याइएका हिमपाइप पटकपटक बगाउँदा र बेलीब्रिज निर्माणका क्रममा जडान गरिएको फलामका पत्ता एक्कासि लच्केपछि त्यसलाई निकालेर अर्को जडान गर्नुपर्दा अपेक्षा गरिएअनुसारको समयसीमाभित्र काम पूरा हुन नसकेको सम्बद्ध प्राविधिको भनाइ छ।

स्थानीय बासिन्दाका अनुसार आवश्यक जनशक्तिको व्यवस्थासहित तीनवटा 'जोमक्रेन' समेत परिचालन गरिएकाले आगामी 'डिसेम्बर' सम्म निर्माणाधीन बेलीब्रिज तयार भई दुई देशबीचको आवतजावत सहज हुनेछ ।

उच्च रफ्तारका साथ काम गरिरहेको चिनियाँ प्राविधिक टोलीले विकट भूगोल र पूर्वानुमान गरिएभन्दा असहज किसिमको मौसमका कारण काममा विलम्ब भएको स्पष्ट गर्दै समयसीमा किटान नगरीकन यथासक्य छिटो बेलीब्रिज निर्माणमा आफूहरू खटिरहेको स्पष्ट गरेको छ।

स्थानीय गोसाइँकुण्ड गाउँपालिका-२ का अध्यक्ष कामीछिरिङ तामाङ उपकरणको व्यवस्थासहित बेलीबिज्र निर्माणमा भइरहेको प्रगति र चिनियाँ पक्षको प्राथमिकतालाई हेर्दा अबको एक महिनामा मितेरीपुल निर्माण सम्पन्न हुने बताउँछन् ।

# अब विशेष महाधिवेशन निर्विकल्प हो : गगन थापा

काठमाडौं- नेपाली कांग्रेसका महामन्त्री गगन थापाले पार्टीका लागि विशेष महाधिवेशन अब निर्विकल्प भएको बताएका छन् ।

केन्द्रीय समितिको बैठक सकिए लगत्तै पार्टी कार्यालयमा पत्रकारसँग कुरा गर्दै महामन्त्री थापाले विशेष महाधिवेशन निर्विकल्प भएको बताए ।

नियमित महाधिवेशनका लागि आफूले केन्द्रीय समितिमा कार्यतालिका सहित प्रस्ताव पेश गरेको तर नेताहरूले सकिन्न भनेको हुँदा अब विशेष महाधिवेशन निर्विकल्प भएको बताए । महामन्त्री थापाले भने, 'आज हामीले चुनावमा जाने निर्णय गरेका छौं । चुनावमा जाने उत्तम विकल्प के हो भने जुन दिन विशेष महाधिवेशन गर्न उपयुक्त हुन्छ । त्यो दिन कांग्रेसको विशेष महाधिवेशन गर्नुपर्दछ ।'

महामन्त्री थापाले यस अघि केन्द्रीय समितिमा बोल्ने क्रममा नियमित महाधिवेशनका लागि नेताहरु तयार नहुने हो भने मंसिरको २७ मा विशेष महाधिवेशन गर्नुपर्ने प्रस्ताव गरेका थिए ।

'पुस मसान्तभित्रमा आवधिक निर्वाचन पनि गर्दिन र आवधिक नगरेपछि विशेष महाधिवेशन पनि गर्दिन भन्न त पाइँदै पाइँदैन,' महामन्त्री थापाले भने । विशेष महाधिवेशन गर्दिन भन्ने अधिकार केन्द्रीय समितिलाई नहुने महामन्त्री थापाले बताए ।

'त्यो विधानको धाराको अर्कै व्यवस्था हो । कि पुस मसान्तभित्र महाधिवेशन गर्ने गरी निर्णय गर्नुपर्दछ । कसैले कार्यतालिका खोजेको होइन । महाधिवेशन खोजेको हो,' महामन्त्री थापाले भने, 'यो दुईटा भन्दा अरु कुनै ठाउँ हामीलाई छैन ।'

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- १८,
२०८२ साल मंसिर ९ गते मंगलबार
25 NOVEMBER 2025, TUESDAY

**गरिमा विकास बैंकको १९औं वार्षिकोत्सव सम्पन्न**

# रक्तदान तथा सामाजिक उत्तर दायित्वका कार्यक्रम र रोड रेसको दोस्रो संस्करण सम्पन्न



काठमाडौं - गरिमा विकास बैंक लिमिटेडले आफ्नो १९औं वार्षिकोत्सवको अवसरमा देशभर विभिन्न समाजसेवी तथा खेलकुदमूलक कार्यक्रमहरू सम्पन्न गरेको छ। मंसिर ६ गते शनिबार आयोजित 'गरिमा रोड रेस २०८२' भव्य रूपले सम्पन्न भएको छ भने आईतबार मंसिर ७ गते देशका ८ स्थानमा बृहत रक्तदान कार्यक्रम तथा १९ स्थानमा संस्थागत सामाजिक उत्तरदायित्व (ऋक्च) कार्यक्रम सम्पन्न गरिएको बैंकले जनाएको छ।

"स्वस्थ जीवनशैलीका लागि खेलकुद" भन्ने नारासहित १८औं वार्षिकोत्सवदेखि प्रारम्भ गरिएको गरिमा रोड रेस प्रतियोगिता यस वर्ष दोस्रो संस्करणमा प्रवेश गरेको छ। खुला, कर्पोरेट र भेट्रान गरी ३ विधामा महिला तथा पुरुष मिलाएर कुल ६ प्रतियोगिता आयोजित गरिएको थियो।

खुला तर्फको १० कि.मि. र कर्पोरेट/भेट्रान तर्फको ५ कि.मि. दुरीका प्रतियोगितामा १ हजारभन्दा बढी धावकहरूले सहभागिता जनाएका थिए।

खुला विधामा महिला तर्फ ओलम्पियन सन्तोषी श्रेष्ठले ३४ मिनेट ५४ सेकेन्डमा र पुरुष तर्फ नेपाल आर्मीका राजन रोकायाले २९ मिनेट १२ सेकेन्डमा दुरी पूरा गर्दै प्रथम स्थान हासिल गरेका छन्। नेपाल आर्मीका धावकहरूले खुला विधामा पुरुष तर्फ सबै पुरस्कार र महिला तर्फ ४ पुरस्कार जित्न सफल भए।

विजयी धावकहरूलाई खुला तर्फ क्रमशः रु. ५० हजार, ३५ हजार, २० हजार, १५ हजार र १० हजार तथा कर्पोरेट/भेट्रान तर्फ क्रमशः रु. ३० हजार, २० हजार, १४ हजार, १० हजार र ७ हजार नगदसहित मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो।

देशका ८ ठाउँमा रक्तदान, १९ ठाउँमा सामाजिक उत्तरदायित्वका कार्यक्रम

वार्षिकोत्सवकै अवसरमा बैंकले देशका ८ स्थान–इटहरी, बीरगञ्ज, नारायणगढ, काठमाडौं (बालुवाटार), पोखरा, बेनी, बुटवल र कोहलपुरमा–बृहत रक्तदान कार्यक्रम संचालन गरी ६०२ युनिट रगत संकलन गरेको छ।

त्यसैगरी, विभिन्न १६ विद्यालयहरूमा शैक्षिक सामग्री, पोशाक तथा पानी फिल्टर मेसिन वितरण, म्याग्दीस्थित श्री निस्कोट स्वास्थ्य चौकीलाई सरसफाइ सामग्री हस्तान्तरण, काठमाडौंको मातातिर्थ वृद्धाश्रमलाई खाद्यान्न वितरण तथा चितवनस्थित सत्य साई राष्ट्रिय परिषद्लाई वाटर डिस्पेन्सर हस्तान्तरणसहित १९ वटा ऋक्च कार्यक्रम सम्पन्न गरिएको बैंकले जनाएको छ।

कार्यक्रममा बैंकका अध्यक्ष दिलिप प्रताप खाँण र प्रमुख कार्यकारी अधिकृत माधव प्रसाद उपाध्यायले निरन्तर सामाजिक उत्तर दायित्वमा क्रियाशील रहँदै खेलकुद तथा सामुदायिक विकासमा आगामी वर्षहरूमा अझ प्रभावकारी कार्यक्रम ल्याइने बताएका छन्।

गरिमा विकास बैंकले आफ्नो १९औं वर्षपूर्तिका अवसरमा प्रदान गरिएको साथ, विश्वास र समर्थनका लागि सेवाग्राही, शेयरधनी, नियमनकारी निकाय, सञ्चारकर्मी, कर्मचारी तथा शुभेच्छुकप्रति कृतज्ञता व्यक्त गरेको छ।

# शेयर निष्काशन गर्न सन्राइज क्यापिटललाई न्युक्त




काठमाडौं- नेशनल फण्ड म्यानेजमेन्ट लिमिटेडले साधारण शेयर निष्काशन गर्न निष्काशन तथा बिक्री प्रबन्धकमा लक्ष्मी सन्राइज क्यापिटल लिमिटेडलाई नियुक्त गरेको छ ।

सर्वसाधारणका लागि जारी गरिने रु.१ सय अंकित दरका २१ लाख ६ हजार कित्ताले हुन आउने रु.२१ करोड ६ लाख रकम बराबरको २० प्रतिशत साधारण शेयर निष्काशन गर्न लागेको हो ।

उक्त शेयर निष्काशनका लागि नेशनल फण्ड म्यानेजमेन्टको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सरोज गुरागाई तथा सन्राइज क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत बिजय लाल श्रेष्ठका बीच लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौमा ७ गते द्विपक्षिय सम्झौता पत्रमा हस्ताक्षर गरी निकट भविष्यमा उक्त साधारण शेयर निष्काशन गरिने सम्झौता गरिएको हो ।

यस नेशनल फण्ड म्यानेजमेन्ट लिमिटेडले कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई नेपाल धितोपत्र बोर्डबाट विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ बमोजिम प्राइभेट इक्वीटी फण्ड, भेन्चर क्यापिटल फण्ड, हेज फण्ड को कोष व्यवस्थापक भई संचालन गर्न इजाजत प्राप्त गरेको छ । साथै बुक बिल्डिङ्ग विधि मार्फत निष्काशित धितोपत्र को लागि योग्य संस्थागत लगानीकर्ता को रुपमा कार्य गर्नका लागि स्वीकृति समेत प्राप्त गरेको छ ।

यस कम्पनी कोष व्यवस्थापक रहि पूँजी संकलन कार्य सम्पन्न गरि विविधिकृत प्राइभेट इक्वीटी फण्डको रुपमा "नेशनल इक्वीटि फण्ड-१" र उर्जा क्षेत्र लक्षित प्राइभेट इक्वीटी फण्ड को रुपमा "नेशनल हाईड्रो फण्ड-२" संचालन गर्दै आएको छ ।

# सेयर बजारमा लगानी बढाउने व्यवस्था गर्दै राष्ट्र बैंक

काठमाडौं- पर्याप्त तरलता रहेको अवस्थामा पनि कर्जाको माग बढ्न नसकेपछि नेपाल राष्ट्र बैंकले सेयर बजारमा लगानी बढाउने व्यवस्था गर्न लागेको छ।

बैंक तथा वित्तीय संस्थाले कोर क्यापिटलको ४० प्रतिशतसम्म सेयर धितो कर्जा दिन पाउने र ६ महिनाभन्दा बढी अवधिका लागि सेयरमा लगानी गर्न पाउने व्यवस्था परिमार्जन गर्न लागिएको हो। राष्ट्र बैंकले ४० प्रतिशतसम्मको सीमा र ६ महिनाभन्दा बढी अवधि हटाउन लागेको छ।



अधिक तरलता र न्यून ब्याजदरको अवस्थामा पनि कर्जाको माग बढ्न नसकेका कारण बैंक तथा वित्तीय संस्थाहरूलाई लगानी बढाउनका लागि सहजीकरणस्वरुप कोर क्यापिटलको सीमा हटाउन लागेको राष्ट्र बैंक स्रोतले बतायो।

'तरलता थुप्रिने र ब्याजदर घट्ने भइरहँदा पनि कर्जाको माग बढ्न सकेन। जसले गर्दा हामीले तरलता निरन्तर खिच्नु परिरहेको छ,' राष्ट्र बैंकका एक कर्मचारीले बिजमाण्डूसँग भने, 'ब्याजदर करिडोरको तल्लो सीमाभित्र राख्न साढे ८ खर्ब तरलता खिचिरहेका छौं। निक्षेप बढेर ब्याजदर घट्दै जाँदा त्यसको असर बैंक हुँदै सर्वसाधारण निक्षेपकर्तामा पर्छ। त्यसकारण बैंकहरूलाई लगानी गर्न सहज होस् भनेर कोर क्यापिटलको सीमा हटाउन लागेका छौं। सेयर र डिबेञ्चरमा लगानीको अवधि पनि खारेज गर्दैछौं।'

अहिले सूचीकृत कम्पनीको सेयर तथा डिबेञ्चरमा बैंक तथा वित्तीय संस्थाले ६ महिनाभन्दा कम अवधिका लागि लगानी गर्न नपाउने व्यवस्था छ।

तरलता थुप्रिएका कारण निरन्तर घटेको ब्याजदरले ऋणीलाई राहत पुगे पनि निक्षेपकर्ता प्रभावित हुन पुगेका छन्। गभर्नर डा. विश्व पौडेल बैंक तथा वित्तीय संस्थाले सेयरमा गर्ने लगानीलाई खुकुलो बनाउनुपर्ने पक्षमा रहेकाले ६ महिनाभन्दा बढी अवधिको लगाम हटाउन लागिएको हो।

'गभर्नरज्यू पनि बैंकहरूलाई लगानीका लागि अवधि हटाउनु पर्छ भन्नेमा हुनुहुन्छ। अहिले एकाएक ऋणको माग भइहाल्ने अवस्था छैन। त्यसैले सेयर र डिबेञ्चरमा अवधि तोकेर लगानी गर्ने सीमा हटाउन लागेका हौं,' स्रोतले भन्यो, 'मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत यो विषय सम्बोधन गरिनेछ। कोर क्यापिटलको ४० प्रतिशतको सीमा पुन पुनरवलोकन गरेर खुला छाड्ने कुरा भएको छ।'

अहिले बैंक तथा वित्तीय संस्थाहरूको कोर क्यापिटल ६ खर्ब ६९ अर्ब रुपैयाँ छ। जसअनुसार बैंक तथा वित्तीय संस्थाहरूले सेयर तथा डिबेञ्चरमा २ खर्ब ६८ अर्ब रुपैयाँ लगानी गर्न सक्छन्।

२०८२ असोजसम्म बैंकहरूले मार्जिन प्रकृतिको सेयर धितोमा १ खर्ब ४४ अर्ब ९५ करोड रुपैयाँ लगानी गरेका छन्। यसको मतलब बैंक तथा वित्तीय संस्थाहरूसँग अझै १ खर्ब २४ अर्ब रुपैयाँ लगानी गर्न सक्ने क्षमता छ।

कतिपय बैंकहरू भने कोर क्यापिटलको सीमा नजिक पुगेका छन्। कोर क्यापिटलको सीमा हटाउँदा सेयर बजारमा लगानी बढ्ने राष्ट्र बैंकको बुझाइ छ। यस्तै, लगानी अवधि हटाउँदा बैंकहरूले आफैं सेयरमा लगानी बढाउन सक्छन्।

ब्रोकर कम्पनी र मर्चेन्ट बैंकरहरूले यसअघि नै बैंक तथा वित्तीय संस्थाहरूको कोर क्यापिटलको ४० प्रतिशत मात्रै सेयर धितो कर्जा दिन पाउने र सेयर तथा डिबेञ्चरमा ६ महिनाभन्दा बढी अवधिका लागि मात्रै लगानी गर्न पाउने व्यवस्था खारेज गर्न माग गर्दै आएका थिए।

कोर क्यापिटलको ४० प्रतिशत मात्रै सेयर धितो कर्जा दिन पाउने व्यवस्था हटाए सीमा नजिक पुगेका बैंक तथा वित्तीय संस्थाहरूलाई सेयर धितोमा कर्जा लगानी गर्न सहज हुनेछ।

# विन नेपाल लघुवित्त १२ औं वर्षमा

काठमाडौं- विन नेपाल लघुवित्त १२ औं वर्षमा प्रवेश गरेको छ ।

२०७१ मंसिर ८ गते औपचारिक रुपमा कारोबार सुरु गरेको संस्थाले ११ वर्ष सफल रुपमा पूरा गरि १२ वर्षमा प्रवेश गरेको हो ।




वार्षिकोत्सवको अवसरमा संस्थाले पोर्टेज तथा पुनर्स्थापना संस्था नेपाल द्वारा सञ्चालित पोर्टेज समाहित तथा विशेष विद्यालयका विद्यार्थीहरुलाई शैक्षिक सामाग्रीहरु वितरण गरेको छ । संस्थाका अध्यक्ष डा. मदन गोपाल श्रेष्ठ, प्रमुख कार्यकारी अधिकृत दिपेन्द्र खतिवडा लगायतका संस्थाका प्रतिनिधिहरुले विशेष विद्यालयमा पुगेर सो सामग्रीहरु वितरण गरेका थिए ।

ग्रामीण क्षेत्रमा रहेका न्युन आय भएका तथा अल्पसंख्यक नागरिकहरुमा उच्च स्तरको सेवा प्रदान गर्दै आएको संस्थाले बागमती प्रदेशका ८ वटा जिल्लामा २१ वटा शाखा सञ्चालन गर्दै आएको छ । काभ्रेको साँगामा केन्द्रीय कार्यालय रहेको संस्थाको ८ करोड ४३ लाख ४० हजार ५ सय ५० शेयर पुँजी रहेको तथ्यांक उक्त संस्थाको पछिल्लो त्रैमासिक प्रतिवेदनमा उल्लेख छ ।

# एनएमबि बैंकले सुरु गऱ्यो सफ्टपोस सेवा, स्मार्टफोनबाटै कार्ड भुक्तानी लिन सकिने

काठमाडौं- एनएमबि बैंकले सफ्टपोस सेवा सुरु गरेको छ। डिजिटल भुक्तानी प्रविधिमा एक महत्वपूर्ण कदम अघि बढाउँदै बैंकले कुनै पनि एनएफसी सपोर्ट गर्ने एन्ड्रोइड मोबाइललाई पोस मेसिनको रूपमा प्रयोग गर्न सकिने जनाएको छ।

यो सेवामार्फत डेबिट वा क्रेडिट कार्डहरुबाट साना तथा मझौला उद्यम र टुर्सिम उद्यमहरू लगायत अन्य व्यवसायीहरुले मोबाइलमै भुक्तानी स्वीकार गर्न सकिनेछन्। यस सेवाको प्रयोगले व्यवसायीलाई पोस मेसिनको झन्झट बिनै डिजिटल भुक्तानी लिन सक्ने सुविधा दिने बैंकले जनाएको छ।

सफ्टपोसको प्रयोगबाट साना व्यापारी, डेलिभरी सेवालगायत टाढा ग्रामीण क्षेत्रका उद्यमीहरूलाई समेत डिजिटल भुक्तानी प्रणालीमा सहभागी गराउने लक्ष्य लिएको बैंकले विज्ञप्तिमार्फत जनाएको छ।

बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द घिमिरेले भने 'सफ्टपोस सेवा केवल नयाँ प्रविधि होइन। यो नेपालको उद्यमशीलता र डिजिटल भविष्यतर्फको ठुलो पाइला हो। हरेक व्यापारीको खल्तीमा भएको मोबाइल नै अब भुक्तानी टर्मिनल बन्नेछ र व्यवसाय संचालन थप सजिलो र सुरक्षित हुनेछ।'




सफ्टपोसले अन्तर्राष्ट्रिय स्तरको सुरक्षा मापदण्ड अनुरूप काम गर्ने हुँदा व्यापारी र ग्राहक दुवैका लागि सुरक्षित र सरल भुक्तानी सुनिश्चित हुने बैंकले जनाएको छ।

# त्रिभुवन विमानस्थलमा एनएसीको ग्राउन्ड ह्यान्डलिङ सेवाको अडिट गर्दै आइटा

काठमाडौं- नेपाल वायु सेवा निगम (एनएसी)ले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दिँदै आएको ग्राउन्ड ह्यान्डलिङ सेवाको अडिट सुरु भएको छ।




इन्टरनेसनल एयर ट्रान्सपोर्ट एसोसिएसन (आईटा)ले एनएसीको ग्राउन्ड ह्यान्डलिङ सेवाको अडिट सोमबार सुरु गरेको हो।

'दुई वर्षमा आईएसएजीओ रिन्यु गर्नुपर्छ। एनएसीको आईएसएजीओको म्याद एक महिनामा सकिन लागेको थियो। त्यही कारण अडिट सुरु गरिएको हो,' एनएसीका एक कर्मचारीले भने, 'भारतबाट आएको टोलीले तीन दिनभित्र काम सक्छ। आईएसएजीओ रिन्यु नभएमा एनएसीले ग्राउन्ड ह्यान्डलिङ गर्न पाउँदैन।' एनएसीले २०१६ देखि ग्राउन्ड ह्यान्डलिङ सेफ्टी सम्बन्धी अडिट गराउँदै आएको छ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# कम्युनिस्ट खोल छाडिदियौं, गुदी बोकेर हिंडेका छौं : सुदन किराती



काठमाडौं- नवगठित प्रगतिशील लोकतान्त्रिक पार्टीका संयोजक सुदन किरातीले कम्युनिस्टको खोल छाडेर गुदी बोकेर हिंडेको जिकिर गरेका छन् । आइतबार राष्ट्रिय सभागृहमा आयोजित एकता घोषणा सभालाई सम्बोधन गर्दै उनले असमानता र गरिबी अन्त्य गर्न नसक्ने कम्युनिस्टको खोल छाडेर हिंडेको बताए ।

'तपाईंहरूले कम्युनिष्ट छोड्नुभएछ नि भन्नुभयो मलाई । मलाई धेरै साथीहरूले च्याखच्याख्ती पार्नभयो' उनले भने, 'हामीले खोल चाहिं उतै छोडिदिएको, गुदी बोकेर हिंडेका छौं ।'

उनले थपे, 'जहिले पनि खोल बोकिराख्नुपर्ने, सबै खालको असमानताको अन्त्य गर्छौं भन्ने सबै खालको असमानता र अन्याय गरिराख्ने, अब संसारमा त्यस्तो कम्युनिष्ट पार्टी कहीँ पनि चल्दैन ।'

नेता किरातीले नयाँ पार्टीले असमानता, विभेद र सबैखाले शोषणलाई अन्त्य गर्ने बताए । 'हामीले राष्ट्रिय स्वाधीनतालाई बलियो बनाउन चाहन्छौं । तपाईंहरूले भनेको पनि त्यही होला । तर भएन । त्यसैले तपाईंहरूको खोल तपाईंहरू नै राख्नुस् । हामीलाई त्यो खोल चाहिएन । हामी गुदी बोकेर हिंड्नेछौं,' उनले भने ।

उनले थपे, 'नेपाली जनता र नेपाल राष्ट्रलाई हामी स्वाधीन बनाउने छौं । हामी गरिबीको अन्त्य गर्नेछौं । हाम्रो अबको लडाईं नै गरिबी, असमानता र विभेदको विरुद्धमा हुनेछ ।'

उनले अब सांस्कृतिक समतासहितको आर्थिक समृद्धिसहितको समाज निर्माणको अभियानमा लाग्ने बताए ।

'देश र जनताको समस्यालाई समाधान गर्ने सोच र शक्ति निर्माण गर्न चाहन्छौं । हामी बोलीलाई व्यवहारमा र अनुहारलाई आचरणमा परिवर्तन गर्न चाहन्छौं' उनले भने, 'सबै खाले भ्रष्टाचार हाम्रा निम्ति सबैभन्दा ठूलो शत्रु हुनेछ । भ्रष्टाचारले यो देशलाई गरिब बनायो ।'

## खेलकुद

# नेपाली टोलीलाई बधाई ज्ञापन



काठमाडौं- प्रधानमन्त्री सुशीला कार्कीले सोमबार दृष्टिविहीन महिला टी-२० विश्वकपमा उपविजेता भएर फर्केको नेपाली टोलीलाई बधाई ज्ञापन गरेकी छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा खेलाडी र अफिसियललाई बोलाएर प्रधानमन्त्री कार्कीले पहिलो दृष्टिविहीन महिला टी-२० क्रिकेट विश्वकपमा इतिहास रचेकोमा टोलीलाई बधाई ज्ञापन गरेकी थिइन् ।

नेपाली खेलकुदकै लागि ऐतिहासिक उपलब्धि र गौरवको विषय भन्दै प्रधानमन्त्रीले नेपाली दृष्टिविहीन महिला क्रिकेट टोलीको थप प्रगतिको कामना गरिन् ।

'यो तपाईंहरूको कडा परिश्रम, सामूहिक भावना र दृढ संकल्पका कारण प्राप्त उपलब्धि हो,' प्रधानमन्त्रीले भनिन्, 'तपाईंहरू हरेक खेलाडी र अफिसियल यस उपलब्धिको हकदार हुनुहुन्छ । र, अर्को पल्ट च्याम्पियन बन्ने गरी अगाडि बढ्नुहोस् ।'

प्रधानमन्त्री कार्कीको आश्वासन थियो, 'एकदमै राम्रो कुरा हो। आफ्नै पहलमा यहाँहरूले जुन स्तरको प्रतिभा देखाउनुभयो, त्यो एकदमै सराहनीय छ । त्यसमा सरकारले पनि केही लगानी गर्न सकेको अवस्थामा अझै प्रगति हुने रहेछ । सरकारका तर्फबाट के गर्न सकिन्छ, त्यस विषयमा म सम्बन्धित मन्त्रालय र निकायसँग छलफल गर्नेछु ।'

प्रशिक्षक पुरनसिंह खत्री र कप्तान गीता पौडेल नेतृत्वको नेपाली टोली श्रीलंकामा सम्पन्न प्रतियोगितामा दोस्रो भएको थियो ।

प्रशिक्षकले साधन स्रोतले सम्पन्न मुलुकका टोलीलाई हराएर दोस्रो हुन सकेको र सरकारको साथ पाएमा च्याम्पियन बन्न सक्ने धारणा व्यक्त गरेका थिए । टोली सोमबारै स्वदेश फर्किएको थियो ।

# नियमित महाधिवेशनको दबाब बढाउन शेखरलाई देउवा पक्षका केन्द्रीय सदस्यको आग्रह



काठमाडौं- निर्वाचनअघि नियमित महाधिवेशनको पक्षमा रहेका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा पक्षका २७ केन्द्रीय सदस्यले संस्थापनइतरका नेता डा. शेखर कोइरालालाई भेटेका छन् ।

कोइरालाको सम्पर्क कार्यालय विशालनगरमा आइतबार बिहान भेटेर उनीहरूले नियमित महाधिवेशनका लागि दबाब बढाउन थप सक्रिय हुन उनलाई आग्रह गरेका छन् ।

कोइरालालाई भेट्न पुगेका केन्द्रीय सदस्य आङ्गेलु शेर्पाले नियमित महाधिवेशनका लागि सक्रियता बढाउन आग्रह गरिएको बताए ।

शेर्पाले भने, 'साथीहरूले उहाँ (शेखर कोइराला)को क्रियाशीलता कम भएकोबारे जिज्ञासा राख्नुभयो । तपाईंले नियमित महाधिवेशन पक्षमा कुरा अलि बलियो गरी नराखेको हो भनेर जिज्ञासा राख्नुभयो ।'

केन्द्रीय सदस्यहरूको जिज्ञासमा नेता कोइरालाले आफू नियमित महाधिवेशनको पक्षमा रहेको भन्दै त्यसका लागि थप सक्रिय हुने जानकारी गराएको शेर्पाले बताए ।

नेता कोइरालाले विशेष महाधिवेशन गर्नैपर्ने अवस्थामा हरसम्भव केन्द्रीय समितिबाट निर्णय गराएर आह्वान गर्नुपर्ने पक्षमा पनि आफू रहेको बताएका थिए । कोइरालाको भनाइ उद्धृत गर्दै शेर्पाले भने, 'नियमित महाधिवेशन पुसभित्रै गर्नुपर्ने पक्षमा म छु । विशेष महाधिवेशनमा जानुपर्ने अवस्थामा केन्द्रीय समितिले निर्णय गरेर आह्वान गर्दा उपयुक्त हुन्छ ।'

कोइरालाले शनिबार बसेको केन्द्रीय कार्यसमितिको बैठकले महाधिवेशनबारे किन निर्णय लिन सकेन भन्नेबारे आफू अनभिज्ञ रहेको बताएका थिए । भेटमा पार्टीका सहमहामन्त्री जीवन परियार, बद्रि पाण्डे, नेताहरू डा. मिनेन्द्र रिजाल, सञ्जय गौतम, डा. गोविन्द पोखरेल, रामकृष्ण यादव लगायत सहभागी थिए । भेटमा सहभागी दुई महामन्त्री परियार र पाण्डेले पार्टीको निर्णय प्रक्रियाका बारेमा आफूहरूलाई कम जानकारी हुने गरेको बताएको शेर्पाले बताए ।

सभापति देउवा पक्षका २७ केन्द्रीय सदस्यले निर्वाचन अघि महाधिवेशन गर्न नेताहरूको ध्यानाकर्षण गराउँदै आएका छन् । सभापति देउवा, कार्यवाहक सभापति पूर्णबहादुर खड्का, महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मालाई उनीहरूले भेटिसकेका छन् । विशेष महाधिवेशन मागका लागि अगुवाइ गर्ने नेताहरूसँग सोमबार भेट्ने शेर्पाले जानकारी गराए । शेर्पाले भने, 'हामी समन्वयकारी भूमिकासहित एउटा ठोस निष्कर्ष निकाल्ने प्रयासमा छौं ।'

# एमाले महाधिवेशन भाँड्ने प्रयास हुँदैछ : ओली



काठमाडौं- नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले पार्टीको आसन्न महाधिवेशन भाँड्ने प्रयास भइरहेको बताएका छन् ।

शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले पार्टीको महाधिवेशन भाँड्ने प्रयास भइरहेपनि त्यसलाई सफल हुन नदिने चेतावनी समेत दिए ।

एमालेका महाधिवेशन यही मंसिर २७, २८ र २९ गते काठमाडौंमा हुँदैछ । अध्यक्ष ओलीले सो महाधिवेशन भव्यताका साथ सम्पन्न हुने दाबी समेत गरे ।

'म देख्दैछु, सुन्दैछु । त्यसलाई भाँड्नका लागि विभिन्न प्रयासहरू भइरहेका छन् । म सबैलाई चेतावनी भनौं कि चेतावनी भन्ने शब्द अलि चर्को हुन्छ भने सबैलाई म भन्न चाहन्छु-त्यस प्रकारको सोच नै नबनाउनुस् । नेकपा एमालेको महाधिवेशन भाँडने सोच नबनाउनुस् । एमाले आफ्नो महाधिवेशन गर्छ । आफ्ना ठाउँमा बसेर गर्छ,' ओलीले भनेका छन् ।

सो महाधिवेशनलाई एकताको महाधिवेशनको रुपमा सम्पन्न गर्नुपर्ने पनि उनको भनाइ थियो । 'महाधिवेशन अत्यन्तै भव्यताका साथ सम्पन्न हुनेछ । अरु थप कुरा मैले अहिले केही भनिरहनु पर्दैन । नेपाली जनताले नेकपा एमालेको महाधिवेशनलाई आउँदो मंसीर २७, २८ र २९ गते हुने महाधिवेशनलाई एउटा ऐतिहासिक महाधिवेशनको रुपमा स्थापित गर्नेछन्,' उनले भने, 'नेकपा एमाले यस कुरा सजग छ । अब म चाहन्छु-यस महाधिवेशनलाई हामी सबैले एकताको महाधिवेशन बनाएर लैजाऔं । फराकिलो मन, फराकिलोपनका साथ यस महाधिवेशनलाई लैजाऔं ।'

अध्यक्ष ओलीले एमालेले महाधिवेशनमार्फत मुलुकको राष्ट्रियता र स्वाभिमानलाई अझै उचाईमा पुऱ्याउने दाबी समेत गरे ।

# सरकारी विद्यालयको भवन निजीलाई भाडामा, ९ विरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सामुदायिक विद्यालयको भवन कानुन विपरीत निजी विद्यालयलाई भाडामा दिई भ्रष्टाचार गरेको आरोपमा राष्ट्रिय माध्यमिक विद्यालय, कास्कीका तत्कालीन ६ जना पदाधिकारीसहित ९ जनाविरुद्ध मुद्दा दायर गरेको छ ।

अख्तियारले कास्कीको राष्ट्रिय माध्यमिक विद्यालय, पोखरा-१, पुरानो टुँडिखेलको करिब ४ रोपनी जग्गामा निर्मित भवनसहितका सार्वजनिक सम्पत्ति निजी प्रयोगमा लगाई दुरुपयोग गरेको ठहर गर्दै विशेष अदालतमा मुद्दा दायर गरेको हो । अनुसन्धानबाट विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राम विक्रम राणा, पोखरा महानगरपालिका- १ का वडा अध्यक्ष शाहारा प्रधान लगायत सदस्यहरु, साथै निजी बोर्डिङ स्कूल सञ्चालक राजु केसी र प्राचार्य सुनिता कुँवर केसीले मिलेमतोमा गरी विद्यालयको नाममा रहेको जग्गा १२ वर्षसम्म निजी बोर्डिङ स्कुललाई भाडामा दिएको पाइएको अख्तियारको दाबी छ ।

पोखरा महानगरपालिकाको चेतावनी र करार रद्द गराउन भएको निवेदन पश्चात पनि अटेर गरी १५ लाख २९ हजार ४०८ रुपैयाँ बराबरको सरकारी सम्पत्ति दुरुपयोग गरेको अख्तियारको ठहर छ ।

उनीहरूविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार १५ लाख २९ हजार ४०८ रुपैयाँ बिगो कायम गरी कैद र जरिवाना सजाय माग गर्दै विशेष अदालतमा आरोप पत्र दायर गरिएको अख्तियारका प्रवक्ता राजेन्द्र कुमार पौडेलले जानकारी दिए ।

# माडी नगरमा घरको नक्सा पास र अभिलेखीकरण नगरे सेवाबाट वञ्चित गरिने




चितवन- चितवनको माडी नगरपालिकाले घर तथा जग्गाको नक्सा पास र अभिलेखीकरण नगर्ने नगरबासीलाई विभिन्न सेवाबाट वञ्चित गर्ने भएको छ।

नगरपालिकाले आगामी पुस मसान्तसम्म अभिलेखीकरण गर्ने समयसीमा निर्धारण गरी सो अवधिभित्र पनि अभिलेखीकरण नगरेमा नगरपालिकाबाट प्रदान गरिने सेवा रोक्ने जनाएको भएको हो।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगतप्रसाद भुसालका अनुसार पुस मसान्तसम्म अभिलेखीकरण नगर्ने नगरवासीको त्यसपछि घरजग्गा मूल्याङ्कनको सिफारिसमा रोक लगाउने, बैंकिङ कारोबारका लागि सिफारिस रोक्ने, कुनै पनि विपद्का घटनामा राहत तथा क्षतिपूर्ति लागि सिफारिस नगर्नेलगायत सेवा रोकिनेछ।

पुस मसान्तपछि अभिलेखीकरण गर्नुपरेमा हाल लिइने शुल्कभन्दा दोब्बर राजस्व बुझाउनुपर्ने उनले बताए । प्रमुख प्रशासकीय अधिकृत भुसालले भने, 'पालिकाले गत असारमा स्वीकृत गरेको कार्यविधिअनुसार अभिलेखीकरण गर्न हामीले सबैमा सूचित गरेका छौं। अभिलेखीकरण नगर्दा कार्यालयबाट दिइने सेवाबाट वञ्चित बन्नुपर्ने अवस्था आउनेछ।'

घरजग्गा नक्सा पास एवं अभिलेखीकरणबाट पालिकालाई नगरमा रहेका हरेक व्यक्तिको भौतिक सम्पत्तिको विवरण प्राप्त हुने र यहाँबाट उपलब्ध सेवामा सहज पहुँच विस्तार हुने उनले विश्वास व्यक्त गरे। उनले भने, 'भौतिक सम्पत्तिको अवस्था थाहा भएपछि विकासका योजना बनाउन पनि सहज हुनेछ।' कुनै विपद्का घटना भए वास्तविक क्षतिको विवरण लिन, राहत र क्षतिपूर्तिको सिफारिस गर्न सहज हुने, सुरक्षित आवासको अवधारणा कार्यान्वयन गर्न मार्ग प्रशस्त हुने प्रमुख प्रशासकीय अधिकृत भुसालले बताए। नगरपालिकाभित्र कुनै पनि स्वीकृत नलिइ निर्माण सम्पन्न भएका घर/भवनको अभिलेखीकरण गर्न उनले सबैमा आग्रह गरे। भुसालका अनुसार वडामा अभिलेखीकरण गरिसकेपछि नगरपालिकाले प्रमाणीकरण गर्नेछ । दश हजार भन्दा बढी परिवार रहेको यस पालिकामा हालसम्म २१० घर अभिलेखीकरण भएका उनले जानकारी दिए ।

जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- १८,
२०८२ साल मंसिर ९ गते मंगलबार
25 NOVEMBER 2025, TUESDAY

# ३ हजार २ सय मिटर उचाइको जलजला क्षेत्रमा ताल बनाउन सम्भाव्यता अध्ययन

म्याग्दी- म्याग्दी, पर्वत र कास्की जिल्लाको सिमानामा रहेको प्राकृतिक एवम् धार्मिक पर्यटकीयस्थल जलजला क्षेत्रमा ताल निर्माण गर्न सम्भाव्यता अध्ययन थालिएको छ ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका, पर्वतको जलजला गाउँपालिका, मोदी गाउँपालिका र कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिकासम्म फैलिएको जलजला क्षेत्रमा पर्यटकलाई आकर्षित गर्न ताल निर्माणका लागि अध्ययन थालिएको हो ।

जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले तीन हजार दुई सय मिटर उचाइमा रहेको खुला घाँसे मैदान र पहाडी भू-आकृतिले भरिपूर्ण उक्त क्षेत्रलाई दीर्घकालीन रुपमा धार्मिक तथा पर्यटकीयस्थलका रुपमा विकास गर्न अध्ययन सुरु गरिएको जानकारी दिए ।

चालु आर्थिक वर्षमा सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय पोखराबाट सम्भाव्यताको अध्ययन र विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) तयार पार्न रु ४० लाख बजेट विनियोजन भएको छ ।

सम्भाव्यताको अध्ययन गर्नका लागि कार्यालयका प्रमुख विदुरमान श्रेष्ठको नेतृत्वमा जलजला गाउँपालिकाका उपाध्यक्ष आचार्यसहितका जनप्रतिनिधि तथा



राजनीतिक दलका प्रतिनिधि र कर्मचारी सहितको टोलीले ताल निर्माणस्थलको गत हप्ता स्थलगत निरीक्षण गरेको छ ।

टोलीले प्रस्तावित ताल निर्माणस्थलको भौगोलिकस्वरूप, सम्भाव्यता, वातावरणीय असर, जलस्रोत उपलब्धता तथा दीर्घकालीन प्रभावको प्रत्यक्ष अवलोकन गरेको उपाध्यक्ष आचार्यले बताए ।

उनका अनुसार ताल निर्माणका लागि उपयुक्त देखिएको र जलस्रोत व्यवस्थापन तथा सुरक्षाका उपायका बारेमा पनि विस्तृत छलफल भएको छ । ताल निर्माण सम्पन्न भएमा कालाञ्जर-हम्पाल र जलजला क्षेत्र धार्मिकस्थलका रूपमा मात्र नभइ आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने प्रमुख गन्तव्य बन्न सक्ने आयोजना कार्यालय पोखराका प्रमुख श्रेष्ठले बताए ।

हम्पाल र जलजलाबाट धौलागिरि, अन्नपूर्ण, माछापुच्छे लगायतका हिमाल तथा म्याग्दी, पर्वत र बागलुङका रमणीय भूगोलको दृश्य अवलोकन गर्न सकिन्छ । हिन्दू धर्मग्रन्थ अग्नि, गरुड, कूर्म, वाराह, स्कन्द, शिवमहा, पद्म, बृहन्नारदीय, लिङ्ग, मत्स्य, महाभारत र श्रीमद् भागवतमा हम्पाल र कालञ्जरको प्रसङ्ग उल्लेख भएको कालीगण्डकी क्षेत्रको संस्कृति र सम्पदाको अध्यता प्राडा जगन्नाथ रेग्मीले बताए ।

उनका अनुसार धार्मिकग्रन्थमा जलजला क्षेत्रलाई ऋषिमुनिले तपस्या गरेर ज्ञान आर्जन गरेको र यहाँको जडीबुटी औषधिका रूपमा प्रयोग गरेको उल्लेख छ । यस क्षेत्रको भ्रमण गरेमा पुण्य मिल्ने, तपस्या गर्दा सिद्धी प्राप्ति हुने र पिण्डदान गर्नाले पितृहरूले सद्गति प्राप्त गर्ने धार्मिकग्रन्थहरूमा बताइएको छ । पहाडका टाकुरामा अवस्थित जलजलाको खोचमा सिम छ । खोचको पृष्ठभूमिमा अन्नपूर्ण हिमाल देखिन्छ ।

बोझो, सतुवा, चिराइतो, अमिली, ब्राह्मी (भोलटाप्रे), पाषणभेद, जेठीमधु, पदमचाल्नु, निरमसी, जटामसी, टिमुर, सिल्टिम्मुरलगायत जडीबुटी पाइने जलजला जैविक विविधतायुक्त स्थल हो । यहाँको पाखामा मृगको बथान भेटिन्छन् । डाँफे, मुनाल, कालिज, च्याखुरा, गिद्ध, लुइचे, हुकेचरा, दुम्सी, लाटोकोसेरो आदि पक्षी अवलोकन गर्न पाइन्छ ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको घोडेपानी, पुनहिल, मोहरेडाँडा, नागी र पर्वतको मोदी गाउँपालिकातर्फबाट जलजलालाई पदमार्गले जोडिएको छ । पर्वतको जलजला गाउँपालिकाको लेकफाँट, शालिजातर्फबाट जलजलासम्म कच्ची सडक पुगेको छ ।

## अन्तराष्ट्रिय

# जेनेभामा निकै राम्रो छलफल भयो : रुबियो



एजेन्सी – अमेरिकी विदेशमन्त्री मार्को रुबियोले जेनेभामा युक्रेनी, युरोपेली र अमेरिकी अधिकारीहरुबीच निकै राम्रो वार्ता भएको बताएका छन् ।

रुस र युक्रेनबीचको शान्ति योजनाकालागि अमेरिकी राष्ट्रपति डोनाल्डले अघि सारेको २८ बुँदे प्रस्तावमा आइतबार वार्ताभएको थियो । वार्तालगत्तै जारी गरिएको संयुक्त विज्ञप्तिमा छलफल परिणाममुखी रहेको उल्लेख थियो ।

'यो जीवन्त दस्तावेज हो । हरेक दिन यसमापरिवर्तन भइरहेका छन्, ' अमेरिकी विदेशमन्त्री रुबियोले भने,' यसमापरिवर्तन गर्न सकिन्छ । आज निकै राम्रो छलफल भयो । तर हामीलाई अझै समय चाहिन्छ ।'अमेरिकाले सारेको शान्ति योजनामा रुसलाई बढी सहुलियत दिइएको भन्दै उसका युरोपेलीसाझेदारहरुले असन्तुष्टी व्यक्त गरेका छन् । यस योजनामा युक्रेनले केही भूभागरुसलाई सुम्पनुपर्ने उल्लेख छ । त्यस्तै सेनाको संख्या घटाउनुपर्ने र नाटोमासहभागी नहुने प्रतिवद्धता व्यक्त गर्नुपर्ने उल्लेख छ ।

अमेरिकी विदेश विभागका प्रवक्ताले रुस रयुक्रेन दुबैसँग सुझाव मागेर अमेरिकाले यो दस्तावेज तयार गरेको बताएका छन् । आइतबार जेनेभामा भएको छलफललाई समावेश गरेरदस्तावेजलाई फेरि संशोधन गरिने उनले बताएका छन् ।

**अराजकताको पराकाष्ट...**

लाग्नुपर्छ । अर्थात परिवर्तनको पक्षमा लाग्छन् भने पुराना पुस्तालाई नेतृत्व दिएर होइन । उनिहरुको राम्रा अनुभव लिएर नेतृत्व क्षमतावान नयाँ नेतृत्ववाट गर्ने गरी नयाँ युगको थालनी गर्नुपर्छ ।

यसो गर्न सक्यौ भने नेपालले विश्वका विकसीत देशको तुलनामा प्रतिस्पर्धा गर्ने वातावरण वन्छ । खाली अराजकता मच्चाएर जिन्दावाद र मुर्दावाद अनि तिनै पुरानै पार्टीहरुले गरेको जस्तो गरी सस्तो लोकप्रीयताको लागि छिनाझम्टी गरेर युटुब र सामाजिक सञ्जालमा छाउने नाममा तिकडम गरेर देशको नीति बन्दैन । विकास पनि हुदैन । गर्नुपर्ने काम भनेको नीतिगतमा रुपमा देशको विकास गर्न अड्कने नीतिलाई चेन्ज गर्ने, काम गर्न निरुत्साहित भएका नागरिकलाई उत्साहित बनाउने, राष्ट्रिय-अन्तराष्ट्रिय लगानीकर्ताहरुलाई विश्वासको वातावरण बनाउने उद्योग कलकारखाना स्थापना गर्न सरकारले सवैखालका दिनसक्ने जति सुविधाहरु दिनेति उद्योगहरुले उत्पादन गरेर देशको अर्थतन्त्रलाई उकास्छन् । रोजगार सृर्जना गर्छन् । रोजगारमा आत्मनिर्भरता र अर्थतन्त्रमा बलियो हुन सक्यो भने मात्र अन्तराष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सकिन्छ । यस्ता गर्न सक्ने जति काम गर्न थाल्नुपर्छ ।

जेन्जी आन्दोलनवाट देशका महत्वपूर्ण व्यापारिक कम्पेलक्स, उद्योग, देशका महत्वपूर्ण भवन जलेका छन् । नेपालको पाचतारे होटल हायत समेत जलेर दैनिक हजारौ पर्यटन आउने अन्तराष्ट्रियस्तरको होटलहरु बन्दछन् । देशलाई मानवीय क्षति हुनुको साथै आर्थिक रुपमा ठूलो धनरासी नेपालको गुमेको छ । यस्तो वेला विगतलाई विर्साउने गरी काम काम काम धेरै भन्दा धेरै देशको पक्षमा काम गरेर देशलाई नयाँ युगको विकास यस्तो हुन्छ भनेर देखाउने वेलामा अराजकता देखाएर देशको विकास हुदैन । त्यसैले जेन्जीहरुले सरकारलाई असहयोग होइन सहयोग गरेर निर्वाचन गराउन तिर लाग्नुपर्छ । आजको मार्ग यो हो ।

**प्रतिष्ठान...**

नामावलीमा नाम भएपनि मतदान हुने जिल्ला र मतदान केन्द्रमा गएर भोट हाल्न नसक्नेका लागि प्रत्येक मतदान केन्द्रमा छुट्टै मतपत्र र मतपेटिका राख्न सकिने अध्ययनको निष्कर्ष छ । यो विधि अनुसार १६५ वटै निर्वाचन क्षेत्रका मतदान केन्द्रमा अन्तर क्षेत्रसम्बन्धि प्रत्यक्ष र समानुपातिकका छुट्ट मतपेटिका राख्न सकिन्छ । यस्तो मतपेटिकालाई छुट्टै राखेर गणना गर्न सकिन्छ । छुट्टै गठन गरेको मत जुन क्षेत्रका उम्देवारको हो त्यही लगेर जोडन सकिने प्रतिष्ठानको अध्ययनको निष्कर्ष छ ।

यसअघि समानुपातिकतर्फ मतदान गर्न कर्मचारी, प्रहरी, सेनाका लागि अस्थायी मतदान केन्द्र तय गरिएको थियो । करिब त्यस्तै विधिबाट प्रत्यक्ष र समानुपातिकको मतपेटिका राख्न सकिने प्रतिष्ठानको अध्ययनले औंल्याएको छ ।

विदेशमा रहेका नेपालीहरूको हकमा भने अहिले नै भोटिङको व्यवस्था गर्न सक्ने नसक्ने भन्ने अन्योल छ । तर प्रतिष्ठानले केही विधिहरू सुझावका रुपमा अघि सारेको छ । एउटा अनलाइन भोटिङ र अर्को हुलाकबाट मतदानको विधि तय गरिएको छ । प्रत्यक्ष मतदानको व्यवस्था गर्ने विकल्प पनि छ । तर यो विकल्प जटिल हुने अध्ययनको निष्कर्ष छ ।

अनलाइन भोटिङका लागि त्यसको प्रविधि प्रयोग गर्नका लागि तत्काल व्यवहारिक हुन जटिल छ । हुलाकबाट मतपत्र पठाएर मतदान गराउन सक्ने विधिको प्रयोग गर्न सकिन्छ ।

विदेशीमा रहेकालाई पनि मतदानको अधिकार दिन थालियो भन्ने सांकेतिक रुपमा सन्देश दिनका लागि यो विधिसम्म चाही अपनाउन सकिने प्रतिष्ठानका अधिकारीहरूको बुझाइ छ । प्रत्येक नियोगमा त्यहीँ मतपेटिका राखेर मतदान गराउन चाहीँ व्यवहारिक रुपमा सहज हुन गाऱ्हो हुने अध्ययनकर्ताहरूको निष्कर्ष छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नीति तथा अध्ययन प्रतिष्ठानलाई एक महिना अघि पत्र पठाएर विदेशमा रहेका नेपालीहरूलाई मतदानको अधिकार दिन सकिने नकिनेबारे अध्ययन गर्न भनेको थियो ।

सरकार बने लगत्तै प्रधानमन्त्री सुशीला कार्की र गृहमन्त्री ओमप्रकाश अर्यालले विदेशमा रहेका नेपालीलाई मतदानका लागि प्रबन्ध गर्ने प्रतिबद्धता जनाएका थिए ।

जेनजी आन्दोलनकारीहरूले पनि यो माग राखिरहेको सन्दर्भमा सरकारले यसको सम्भाव्यताबारे नीतिगत रुपमै अध्ययन गर्न सरकार मातहतको थिंकट्यांकलाई अनुरोध गरेको थियो ।

**चितवन...**

सार्वजनिक गर्दा सम्म यो सङ्ख्यामा केही थप हुनसक्ने प्रमुख कार्कीले बताए ।


बाहिरी जिल्लामा रहेका चितवन बासीले पनि नाम दर्ता गराएको हुनसक्ने भएकाले यो सङ्ख्यामा थपघट हुने उनले बताए । यससँगै फागुनमा हुने निर्वाचनका लागि जिल्लामा १६२ वटास्थल यथावत राखिने भएको छ । एक हजार मतदाता बराबर एउटा मतदान केन्द्र हुने भएकाले थपिएका मतदाताको आधारमा मतदान केन्द्र थप गरिने छ ।

**अनिवार्य अवकाश...**

पदबाट निजामती सेवामा प्रवेश गरेका अर्याल २०५१ सालमा अधिकृत, २०५८ सालमा उपसचिव, २०६७ सालमा सहसचिव हुँदै २०७६ सालमा सचिव पदमा बढुवा भएका थिए ।

अर्याल अवकासमा जाने भएपछि सरकार अर्को मुख्यसचिव नियुक्तिको तयारीमा छ ।

निजामती सेवा ऐन २०४९ को दफा १९ मा राजपत्रांकित विशिष्ट श्रेणीको मुख्यसचिव पदमा बढुवा गर्दा बहालवाला सचिवहरूमध्येबाट नेपाल सरकारले ज्येष्ठता र कार्यकुशलताको आधारमा छनोट गरी बढुवा गर्ने उल्लेख छ ।



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# छैटौं संस्करणको जिनियस म्युजिक अवार्ड सम्पन्न, मीरा राणालाई दीर्घसाधना सम्मान




काठमाडौं- छैटौं संस्रकणको जिनियस म्युजिक अवार्ड सम्पन्न भएको छ ।

नेपाली संगीत, कला र संस्कृतिको प्रवर्द्धनमा निरन्तर क्रियाशील जिनियस डिजिटल म्युजिक प्रा.लिद्वारा आयोजित जिनियस म्युजिक अवार्ड (२०८२) एण्ड जिनियस अचिभमेन्ट अवार्ड(२०२५) तथा जिनियस लोक नृत्य प्रतियोगिता(२०८२) भव्य काठमाडौंमा एक विशेष कार्यक्रमबीच सम्पन्न भएको हो ।

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यता रहेको समारोहमा कार्यक्रममा अग्रज गायिका मीरा राणालाई दीर्घसाधना सम्मान अर्पण गरिएको थियो भने पत्रकार सम्मानअन्तर्गत रामजी बगाले, अक्कल कुँवर, तुलसी गिरी, चन्द्रमणि गौतम र सुरेन कुँवरलाई सम्मान गरिएको थियो ।

जिनियस अचिभमेन्ट अवार्ड (२०२५) का रूपमा समाजसेवी तथा अभियन्ता राममणि न्यौपाने, युवा व्यवसायी लोकनाथ भट्ट र वरिष्ठ गीतकार डा ।कृष्णहरि बराललाई सम्मान गरिएको थियो ।

जिनियस अचिभमेन्ट सम्मान( २०२५ मार्फत देवेन्द्र शाही ९समाजसेवीरव्यवसायी०, वसन्त घिमिरे (कीर्तिमानी धावक), प्रदीप अर्याल (व्यवसायी, रोशनकुमार श्रेष्ठ समाजसेवीरव्यवसायी, रुद्रबहादुर नेपाल (समाजसेवीरव्यवसायी, जुनु घिमिरे, प्रकाशकुमार श्रेष्ठ (समाजसेवी र व्यवसायी, जयराम तिमील्सिना साहित्यकार, दीपा श्रेष्ठ समाजसेवीर व्यवसायी)लगायत व्यक्तिहरूलाई सम्मान गरिएको थियो ।

त्यसैगरी स्रष्टा सम्मान र विशेष सम्मान अन्तर्गत सोनाम पाखिन निर्देशक, शोभा त्रिपाठी गायिका, प्रोसेस पाण्डे (प्रतिभा सम्मान, अश्विनी कान्त झा (इभेन्ट डाइरेक्टर, दिपिका बलामी प्रतिभा सम्मान, सन्दीप भुजेल (नृत्य निर्देशक, टेकराज पाण्डे र अप्सना नेवा हायु (शृंगार, जितेन तामाङ (संगीतकाररसमाजसेवी, ईश्वर गुरुङ (संगीत व्यवसायी, जितेन्द्र महर्जन, सुरज पौडेल (गायक, विजेता परियार (नव कलाकार) लगायतका व्यक्तिहरू सम्मानित हुनुभएको थियो । समारोहमा सारिका घिमिरे, चेतन राई, विनोद ढकाललगायतको गायन प्रस्तुति र विभिन्न विद्यालयका विद्यार्थीले प्रस्तुत गरेको समुहिक लोक नृत्यले दर्शकलाई मन्त्रमुग्ध गरेको थियो । जिनियस म्युजिक अवार्ड( २०८१ का निर्णायक मण्डलमा वरिष्ठ संगीतकार राजु सिंह, गायक तथा संगीतकार भानुभक्त ढकाल, गीतकार तथा साहित्यकार पुरु लम्साल, संगीतकार गैरे सुरेश, संगीतकार दीपक शर्मा, गायक रमेश पाठक, निर्देशक माधव खरेल, कोरियोग्राफर केशव कोइराला, गायिका मञ्जु लावती, संगीतकार बिनोद पछ्याई र गीतकार गोबिन्द भट्ट र हनुभएको थियो । त्यस्तै जिनियस लोक नृत्य प्रतियोगिता(२०८२) का निर्णायकमा वरिष्ठ नृत्य निर्देशक कमल राई, नृत्य निर्देशक जोगेन्द्र केसी र आर ।सी ।कोइराला र हनुभएको थियो ।

जिनियस म्युजिक अवार्ड( २०८१ अन्तर्गत विभिन्न विधाका स्रष्टा सर्जकलाई सम्मान गरिएको थियो । सर्वोत्कृष्ट राष्ट्रिय भावनाको गीततर्फ 'बुद्धको देश नेपाल'( खेमनाथ दाहाल, चलचित्र श्रेणीमा सर्वोत्कृष्ट गीत 'यो मन त मेरो नेपाली हो', सर्वोत्कृष्ट गीतकार (चलचित्र श्रवण मुकारुङ, सर्वोत्कृष्ट संगीतकार (चलचित्र अर्जंन पोखरेल, सर्वोत्कृष्ट गायिका (चलचित्र) इन्द्रकला राई, सर्वोत्कृष्ट गीतकार (आधुनिक रोशनी तारा बज्राचार्य, सर्वोत्कृष्ट गीतकार (डायस्पोरा दीपेन्द्र खड्का, सर्वोत्कृष्ट संगीतकार (लोकरपप) प्रमोद पन्त, सर्वोत्कृष्ट संगीतकार (आधुनिक जीवन शर्मा, सर्वोत्कृष्ट गायक (आधुनिक महेश शिल्पाकार, सर्वोत्कृष्ट संगीत संयोजन रिकेश गुरुङ किज, सर्वोत्कृष्ट ध्वनि मिश्रण साजन शाह, सर्वोत्कृष्ट म्युजिक भिडियो निर्देशक (पपरआधुनिक, देवेन्द्र पाण्डे, सर्वोत्कृष्ट म्युजिक भिडियो निर्देशक (आधुनिक सन्तोष लामा, सर्वोत्कृष्ट महिला मोडल (पपरआधुनिक,बिना राउत, सर्वोत्कृष्ट पुरुष मोडल (पपरआधुनिक रमेश विश्वकर्मालाई अवार्ड प्रदान गरिएको थियो ।

यस्तै सर्वोत्कृष्ट संगीतकार (पपरआधुनिक योगेश काजी शाह, सर्वोत्कृष्ट गायक राज सिग्देल, सर्वोत्कृष्ट गायिका रचना रिमाल, सर्वोत्कृष्ट गायक (लोक पप शिव कैलाश, सर्वोत्कृष्ट गायिका (लोक सरिता भारती, सर्वोत्कृष्ट नवमोडल (पप मुकेश गुरुङ, सर्वोत्कृष्ट पुरुष मोडल दुर्गेश थापा, सर्वोत्कृष्ट महिला मोडल प्रियंका कार्की, सर्वोत्कृष्ट म्युजिक भिडियो छायाँकन हरि हुमागाई, सर्वोत्कृष्ट म्युजिक भिडियो सम्पादन पवन सुस्लिङ, सर्वोत्कृष्ट म्युजिक भिडियो निर्देशक माधव शर्मा, सर्वोत्कृष्ट लय संकलक (लोकरदोहोरी वसन्त थापा, सर्वोत्कृष्ट गायक (लोकरदोहोरी) अर्जंन सापकोटा, सर्वोत्कृष्ट गायिका (लोक,दोहोरी पूर्णकला बीसी, सर्वोत्कृष्ट नवगायक (लोक,दोहोरी श्रीराम पौडेल, सर्वोत्कृष्ट नव गायिका (लोक,दोहोरी रिया खत्री, सर्वोत्कृष्ट गायक पप सिडी विजय अधिकारी, सर्वोत्कृष्ट गायिका (पप ममता गुरुङ, सर्वोत्कृष्ट महिला मोडल (लोकरदोहोरी) अस्मिता रनपाल, सर्वोत्कृष्ट म्युजिक भिडियो नृत्य निर्देशक सन्तोष राजवाहक, सर्वोत्कृष्ट गायक (नेवारी गीत) ईश्वर मागिया, सर्वोत्कृष्ट तीज गीत 'ढल्काएर छड्के तिलहरी', सर्वोत्कृष्ट नवगायक (लोक,दोहोरी (जुरी सञ्जय देवकोटा, सर्वोत्कृष्ट गायिका (तीज गीत मञ्जु थापा, पब्लिक च्वाइस अवार्ड 'दुश्मन हेरेको हेरै' का लागि दुर्गेश थापा, पब्लिक फेस अवार्ड उमर खान, सर्वोत्कृष्ट गायक (तामाङ सेलो हवल लामा, सर्वोत्कृष्ट नवमोडल (पप,आधुनिक ध्रॅव जिसी, सर्वोत्कृष्ट नवगायिका (पप,आधुनिक स्मिता बोहोरा र पब्लिक च्वाइस अवार्ड (जुरी 'गुन भुल्यौ'(सारिका घिमिरेले प्राप्त गर्नंभयो ।

त्यसैगरी जिनियस लोक नृत्य प्रतियोगिताअन्तर्गत विभिन्न विद्यालयका समूहले आकर्षक प्रस्तुति दिएका थिए । प्रतियोगितामा रिलायन्स इन्टरनेशनल एकेडेमी पहिलो, तिरुपति इङ्लिस स्कूल दोस्रो, मानसिधार्थ इंग्लिस स्कुल तेस्रो र टाइमलाइन स्कुल चौथो स्थानमा रहेका थिए । कार्यक्रमको सञ्चालन गोपाल ढकाल 'छन्दे'ले गर्नंभएको थियो ।

विविध सांस्कृतिक लोक नृत्यका प्रस्तुतिहरूले कार्यक्रमलाई अझ रंगीन र मनोरञ्जनपूर्ण बनाएको थियो । कार्यक्रममा उपस्थित कलाकार, विद्यार्थी, अभिभावक र दर्शकहरूले जिनियस म्युजिक अवार्डलाई नेपाली संगीत, नृत्य र प्रतिभा प्रदर्शनको उत्कृष्ट मञ्चका रूपमा प्रशंसा गरेका थिए ।

कार्यक्रममा संगीत, नृत्य र सम्मानको समिश्रणले नेपाली सांगीतिक क्षेत्रको विविधता, सिर्जनशीलता र मौलिक पहिचानलाई उजागर गरेको आयोजकले जनाएको छ ।

जिनियस म्युजिक अवार्ड नेपाली कला, संस्कृति र मौलिक संगीतको संरक्षण, प्रवर्द्धन र प्रोत्साहनका लागि निरन्तर आयोजित हुँदै आएको प्रतिष्ठित मञ्च हो ।

आयोजक संस्थाका अध्यक्ष रमेश पाठकले आगामी वर्षहरूमा अझ व्यापक रूपमा अन्तर्राष्ट्रियस्तरमा नेपाली कलाकार र सिर्जनाको पहिचान स्थापित गर्ने लक्ष्य राखेको बताउनुभयो ।

# "सहरिया बुहारी" टेलिसिरियलले १०० भाग पूरा गर्दै कलाकार तथा पत्रकारलाई सम्मान




काठमाडौं- सन्जीबीनी अनलाइन टिभीद्वारा निर्माण गरिएको लोकप्रिय नेपाली टेलिसिरियल 'सहरिया बुहारी' ले हालै आफ्नो १०० भाग पूरा गरेको छ ।

समाजमा शहरी जीवनशैली, पारिवारिक उतारचढाव र सम्बन्धका कथाहरू प्रस्तुत गर्ने यस सिरियलले दर्शकको मन जित्दै सयौ शतभागको यात्रा पूरा गरेको हो ।

सिरियलका कथालेखक तथा निर्देशक सन्तोष पौडेलको लेखन र निर्देशनमा तयार पारिएको यो सिरियलको उपलब्धि मनाउँदै, निर्माण टोलीले गत शुक्रबार विशेष सम्मान समारोह आयोजना गरेको थियो । उक्त कार्यक्रममा सिरियलमा अभिनय गरेका ४६ जना कलाकार र साथसाथै योगदान पुऱ्याएका १० जना पत्रकारहरूलाई सम्मान गरिएको थियो ।

समारोहमा उपसभामुख इन्दिरा राना मगर प्रमुख अतिथि तथा कलाकार संघका अध्यक्ष मोहन निरौला विशेष अतिथि रूपमा उपस्थित रहेका थिए ।

कार्यक्रमको अध्यक्षता सन्जीबीनी अनलाइन टिभीका सञ्चालक सन्तोष पौडेलले गरेका थिए । समारोहमा बोल्दै उपसभामुख राना मगरले कलाकारिताको यात्रा कठिन र संघर्षपूर्ण हुने बताउँदै, "भर्खरै १०० भाग पूरा गरेको 'सहरिया बुहारी'को टिमले नेपाली सिरियल क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याएको छ," भन्दै सम्पूर्ण कलाकार र निर्माण टोलीलाई शुभकामना दिइन् ।

त्यस्तै, कलाकार संघका अध्यक्ष मोहन निरौलाले पनि आफ्नो मन्तव्य राख्दै सिरियलको सफलताप्रति खुशी व्यक्त गरे । उनले भने, "सहरिया बुहारीले नेपाली समाजका वास्तविक पक्षहरूलाई सहज भाषामा प्रस्तुत गर्दै दर्शकको माया कमाएको छ । यसका सबै कलाकारलाई म हार्दिक बधाई दिन चाहन्छु ।"

कार्यक्रममा सहभागी कलाकारहरूले पनि १०० भाग पूरा भएको अवसरमा आफ्नो अनुभव र खुशी साझा गरेका थिए । 'सहरिया बुहारी' सिरियलले छोटो अवधिमै दर्शकको मनमा छुट्टै स्थान बनाउन सफल भएको छ, र अब यसको निर्माण टोलीले आगामी भागहरूमा अझ गहिरो कथा र उत्कृष्ट प्रस्तुति दिने प्रतिबद्धता जनाएको छ ।

# 'परान' बन्यो २०८२ सालमा सर्वाधिक कमाउने नेपाली फिल्म



काठमाडौं- नीर शाह स्टारर फिल्म 'परान' २०८२ सालमा अहिलेसम्म सबैभन्दा धेरै कमाउने नेपाली फिल्म बनेको छ ।


प्रदर्शनको २१ औं दिन बिहीबार बेलुका ६ बजेसम्म फिल्मले सिनेपाः बक्सअफिसमा १२ करोड ६६ लाख रुपैयाँ नेरु ग्रस कमाएको छ ।

फिल्मले अनमोल केसी स्टारर रोमान्टिक ड्रामा 'जेरी अन टप' को कमाइलाई समेत उछिनेको छ । जेरीको कमाइ बिहीबार बेलुका ६ बजेसम्म बक्सअफिसमा १२ करोड १४ लाख नेरु ग्रस छ ।

दीपक आचार्य 'काकु' निर्देशित 'परान' ले आगामी सप्ताहन्त (शुक्रबार र शनिबार) १४ करोडको आँकडा पार गर्ने प्रक्षेपण छ । यो अनुमानका सूचक सकारात्मक यसकारण देखिएका छन् कि फिल्मले विकडेजमा पनि दैनिक ३० देखि ५० लाख औषत कमाइरहेको छ, जुन सशक्त हो ।

धन्यवाद- बलियो 'वर्ड अफ माउथ' लाई, जसको कारण यो फिल्मको गति अझै रोकिएको छैन । फिल्म अन्तर्राष्ट्रिय बजारहरूमा पनि प्रदर्शन तयारीमा छ ।

# रहेनन् बलिउड अभिनेता धर्मेन्द्र



काठमाडौं- बलिउड अभिनेता धर्मेन्द्र सिंह देओलको निधन भएको छ । ८९ वर्षको उमेरमा उनको मुम्बईस्थित आफ्नै निवासमा सोमबार दिउँसो १ बजे निधन भएको हो ।

यसको पुष्टि पारिवारिक सदस्यहरूले नै गरेका छन् । उनको अन्तिम संस्कार विले पाले श्मशान भूमिमा हुने भारतीय मिडियाले जनाएका छन् । उनीप्रति श्रद्धाञ्जली अर्पण गर्न बलिउड सेलिब्रेटीहरू आर्यघाट पुगिरहेका छन् । श्वासप्रश्वासमा समस्या भएपछि धर्मेन्द्रलाई अक्टोबर १० मा मुम्बईको ब्रीच क्यान्डी अस्पतालमा भर्ना गरिएको थियो । त्यहाँ उनलाई तीन दिन भेन्टिलेटरमा राखेर उपचार गरियो । स्वास्थ्यमा सुधार भएपछि उनी डिस्चार्ज भएर घर फर्किएका थिए । र, घरमै उनको उपचार भइरहेको थियो । सोमबार भने उनले घरमै अन्तिम सास लिए ।

सन् १९३५ डिसेम्बर ८ मा पञ्जाब राज्यमा पर्ने नसराली गाउँमा जन्मिएका धर्मेन्द्र भारतीय फिल्म उद्योगका 'सबैभन्दा ह्यान्डसम अभिनेता' भनेर चिनिन्छन् । उनको व्यक्तित्व र आकर्षण यति प्रभावशाली थियो कि बलिउडका सदाबहार अभिनेता दिलीप कुमारले समेत उनलाई देखेर भनेका थिए, 'हे भगवान्, यस्तो अनुहार मलाई किन दिएनौ ?' हिन्दी फिल्मका निकै लोकप्रिय कलाकार रहेका धर्मेन्द्रले ७ दशक लामो अभिनय करिअरमा ३ सयभन्दा बढी फिल्ममा काम गरेका छन् । 'शोले', 'चुपके चुपके', 'सीता और गीता', 'धरम वीर', 'दोस्त', 'प्रतीज्ञा' जस्ता फिल्म उनका सर्वाधिक लोकप्रिय छन् । उनले पछिल्लो पटक सन् २०२४ मा रिलिज भएको फिल्म 'तेरी बातों मे ऐसा उलझा जिया'मा काम गरेका थिए । सन् १९६० मा प्रदर्शन भएको फिल्म 'दिल भी तेरा हम भी तेरे'बाट धर्मेन्द्रले अभिनय करिअर सुरु गरेका थिए । तर, फिल्मसम्मको यात्रा तय गर्न उनका लागि सहज थिएन । मुम्बईमा टिक्नका लागि उनले सुरुमा ग्यारेज र ड्रिलिङ फर्ममा काम गरे, जहाँ उनले महिनाको २ सय रुपैयाँ तलब पाउँथे । यतिले खर्च धान्न नसक्ने भएपछि उनले 'ओभरटाइम' पनि गरे । मुम्बईमा संघर्ष गरिरहँदा धर्मेन्द्रले १९५० दशकको अन्त्यतिर 'फिल्मफेयर ट्यालेन्ट हन्ट'मा भाग लिएका थिए । यो प्रतियोगिताको विजेता बनेपछि उनले निर्देशक अरजन देसाईको फिल्म 'दिल भी तेरा हम भी तेरे'बाट डेब्युको अवसर पाए । तर, यो फिल्म व्यावसायिक रुपमा असफल हुन सकेन । सन् १९६६ मा आएको फिल्म 'फूल और काटे'ले भने उनलाई रातारात स्टार बनायो ।

धर्मेन्द्रले फिल्ममा आउनुभन्दा अगाडि नै प्रकाश कौरसँग सन् १९५४ मा विवाह गरेका थिए । प्रकाशसँग उनका चार सन्तान छन्, सनी देओल, बबी देओल, विजेता देओल र अजिता देओल । सन् १९८० मा उनले इस्लाम धर्म अपनाएर 'शोले'की अभिनेत्री हेमा मालिनीसँग दोस्रो विवाह गरेका थिए । उनीहरूका एक छोरी (ईशा) र एक छोरा (अहाना) छन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- १८,
२०८२ साल मंसिर ९ गते मंगलबार
25 NOVEMBER 2025, TUESDAY

# भारतको बजाज अटोद्वारा अष्ट्रियन कम्पनी केटीएम खरिद, नाम पनि परिवर्तन हुँदै




काठमाडौं- भारतीय दुई पाङ्गे कम्पनी बजाज अटोले अस्ट्रियन ब्रान्ड केटीएम बाइकको कम्पनी खरिद गरेको छ। बजाजको विदेशी सहायक कम्पनीमार्फत यो खरिद सम्झौता भएको हो। बजार अटो इन्टरनेशनल होल्डिङ्स एजीले यसै हप्ता उक्त कम्पनी खरिद गरेको हो।

मेजोरिटी सेयरको यो रणनीतिक खरिद गत मंगलबार भएको हो। सम्झौतासँगै कम्पनीको नाम परिवर्तनको तयारी छ। बजाजको सहायक कम्पनीले पियरर इन्डस्ट्री एजीबाट सबै सेयरहरू खरिद गर्‍यो। जसले बजाज पियरर बजाज एजीको मालिक बनेको छ।

पछिल्लो केही वर्षदेखि केटीएम बैंक्रप्सीमा परे पछि बजारमा टिक्न निकै संघर्षरत थियो। यसमा बजाज अटोले ८० करोड युरो लगानी गरेको थियो।

कम्पनीले पियरर बजाज एजीको ५० हजार १०० कित्ता सेयर खरिद गरिसकेको छ। जसले गर्दा पियरर परिवारको स्वामित्व परिवर्तन भएको छ। केटीएम पब्लिकमा गएको कम्पनी हो। केटीएम बिक्रीको अवस्थामा पुग्नुका मुख्य कारणहरू कम्पनीको लगातार कमजोर कारोबार र बढ्दो ऋण दबाब थियो।

प्रिमियम मोटरसाइकल बजारमा प्रतिस्पर्धा कडा बन्दै जाँदा केटीएमको उत्पादन लागत बढ्यो तर बिक्री र आम्दानी अपेक्षाकृत स्थिर थियो। युरोपेली आर्थिक सुस्तीका कारण माग घट्दा कम्पनीको क्यास-फ्लो थप कमजोर भयो। विस्तारका लागि कर्जा लिएर चलाएको रणनीति उल्टो पर्‍यो र ऋण पुनर्गठन गर्नुपर्ने स्थिति आयो। लगानीमा रहेको ऋणको साँवाब्याज फिर्ता गर्न गाह्रो परेपछि कम्पनी आर्थिक संकटमा पर्‍यो। यस्तो अवस्थामा दीर्घकालीन स्थिरता कायम गर्न बाह्य लगानी आवश्यक परेपछि बजाजले उद्धार सहितको ठूलो हिस्सेदारी लिएर नियन्त्रण हातमा लिएको हो।

२०२४ को अन्त्यतिर केटीएम पतनको संघारमा पुगेको थियो। त्यसपछि न्यायालयको सहजीकरणमा कम्पनी पुनर्संरचनाको काम थालिएको थियो। लागत घटाउने प्रयासमा लामो समयदेखि रहेका सीईओलाई प्रतिस्थापन गरिएको थियो। केटीएम (क्रोनरिफ एण्ड ट्रन्केनपोलेज म्याटिगहोफेन)को स्थापना अस्ट्रियाको म्याटिगहोफेन शहरमा भएको हो। यसको मुख्यालय र उत्पादन केन्द्रहरू पनि अस्ट्रियामै छन्। कम्पनी मोटरसाइकल, विशेषगरी अफरोड र प्रिमियम स्पोर्ट बाइकमा अग्रणी युरोपेली ब्रान्ड मानिन्छ। आर्थिक संकटका कारण कम्पनी पुनर्संरचना हुँदै गर्दा बजाजले अधिकतम हिस्सेदारी लिए पनि ब्रान्डको पहिचान र मूल देश अस्ट्रिया नै रहनेछ।

बजाजको वित्तीय लाइफलाइनले केटीएमलाई २०२५ को मध्यसम्ममा पूर्ण उत्पादन पुनः सुरु गर्न सक्षम बनाएको थियो। तर, अवरोधले उत्पादनमा उल्लेखनीय ढिलाइ निम्त्यायो। २०२५ को लागि सुरुमा तय गरिएका नयाँ ९९० सीसी र १३९० सीसी मोडेलहरू २०२६ मा लन्च गर्ने गरी मिति सारिएको थियो।

मे २०२४ मा पहिलो पटक देखाइएको धेरै प्रत्याशित केटीएम ९९० आरसी आर २०२५ को अन्त्यतिर मात्र एसेम्बली सुरु भएको थियो। अब बजाजको लगानीमा केटीएमले आफ्नो ढिला भएको लाइनअप डेलिभर गर्न ध्यान केन्द्रित गर्न सक्ने देखिएको छ।

# खुम्चियो इभीको बजार, यस्तो छ चार महिनाको तथ्यांक



काठमाडौं- इन्धन सवारीसाधनको आयात बढेको छ। गत आर्थिक वर्ष साउनदेखि कात्तिकसम्मको तुलनामा चालु आवको सोही अवधिमा इन्धन चार पाङ्गे (प्यासेन्जर, कमर्सियल र प्यासेन्जर क्यारिङ कमर्सियल) सवारीसाधनको आयात सबैभन्दा धेरै ३९ प्रतिशतले बढेको छ।

चार महिनामा इन्धन चार पाङ्गे ४ हजार ९५८ युनिट आयात भएका छन्। ती गाडी ६ अर्ब ३४ करोड रुपैयाँ बराबरका हुन्। यसबाट सरकारले ११ अर्ब १७ करोड रुपैयाँ राजस्व संकलन गरेको छ।

यसमा १२ सय ४५ युनिट अनएसेम्बल सवारीसाधन आयात भएका छन्। जुन हालसम्मकै धेरै हो।

पोहोर चार महिनामा ३ हजार ७८ युनिट इन्धन चार पाङ्गे आयात गरिएको थियो।

यसैगरी, चालु आवको साउनदेखि कात्तिकसम्म १२ अर्ब ६४ करोड रुपैयाँ बराबरका १ लाख ६१७ युनिट इन्धन दुई पाङ्गे सवारीसाधन आयात भएका छन्। यसमा अनएसेम्बलको हिस्सा ८५ प्रतिशत छ। १४ हजार २७८ युनिट तयारी सवारी आउँदा बाँकी सबै अनएसेम्बल हुन्। इन्धन बाइक आयातबाट सरकारले १२ अर्ब ४७ करोड रुपैयाँ राजस्व संकलन गरेको छ।

इन्धन दुई पाङ्गे सवारीसाधन कात्तिकमा मात्र २० हजार ९३४ युनिट आयात गरिएको छ। गत वर्ष चार महिनामा ८१ हजार ८५७ युनिट मात्रै बाइक आयात भएको तथ्यांक छ।

यसपालि चार पाङ्गे विद्युतीय (प्यासेन्जर, कमर्सियल र प्यासेन्जर क्यारिङ कमर्सियल) सवारीसाधनको आयात घटेको छ।

चार महिनामा ३ हजार ५७४ युनिट आयात भएका छन्। ८ अर्ब ५३ करोड रुपैयाँ बराबरका ती गाडी आयातबाट सरकारले ४ अर्ब ९५ करोड रुपैयाँ राजस्व पाएको छ। गत वर्ष साउनदेखि कात्तिकसम्म ४ हजार २१७ युनिट चार पाङ्गे विद्युतीय गाडी आयात भएको तथ्यांक छ।

यसपालि कात्तिकमा जम्मा ७९२ वटा चार पाङ्गे विद्युतीय सवारीसाधन आयात भएका छन्।

यस्तै इलेक्ट्रिक दुई/तीन पाङ्गे सवारीसाधन १२ हजार ५३६ युनिट आयात भएका छन्। १ अर्ब ३० करोड रुपैयाँ बराबरका ती सवारीसाधनबाट सरकारले ४५ करोड ७५ लाख रुपैयाँ भन्सार शुल्क संकलन गरेको छ।

# इन्धन सवारीसाधनलाई विद्युतीयमा रुपान्तरण गर्न पाइने

काठमाडौं- सरकारले इन्धन सवारीसाधनलाई विद्युतीयमा रुपान्तरण गर्ने व्यवस्था मिलाएको छ।


भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङको प्रस्तावमा मन्त्रिपरिषद्ले इन्धन सवारीसाधनलाई विद्युतीय गाडीमा रुपान्तरण गर्न छुट दिने व्यवस्था गरेको हो।

विद्युतीय सवारीसाधनको प्रयोग र विद्युत खपत बढाउन भन्दै इन्धन सवारीलाई रुपान्तरण गर्ने व्यवस्था गरिएको मन्त्रालयका अधिकारीहरुले बताएका छन्।

मन्त्रिपरिषद् बैठकले तीन वर्षकोसमय राखेर इन्धन सवारीलाई विद्युतीयमा रुपान्तरण गर्न छुट दिने व्यवस्था गरेको हो।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले आफूले मन्त्रालयको नेतृत्व सम्हालेकै दिन देशमा उत्पादन भएको विद्युत खपत बढाउन भन्दै सबै सवारीसाधनलाई विद्युतीयमा रुपान्तरण गर्नुपर्ने बताएका थिए। उनले त्यसै दिन अध्ययन समिति गठन गरी समितिको सुझाव अनुसार मन्त्रिपरिषद्बाट निर्णय गराएका हुन्।

इन्धन सवारीसाधनलाई विद्युतीयमा रुपान्तरण गर्ने व्यवस्था मिलाउँदै कुलमान, मापदण्ड कहिले?



सरकारले यसअघि २०७८ चैतमा पनि रुपान्तरण गर्न ३ वर्षका लागि छुट दिएकामा त्यो समय २०८१ चैतमा सकिएको थियो।

# जेनजी घटना : काठमाडौंबाट मात्रै २ सय ६७ जना पक्राउ




काठमाडौं- गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनमा आगजनी तथा तोडफोड गरेको आरोपमा जिल्ला प्रहरी परिसर काठमाडौंले २६७ जनालाई पक्राउ गरेको छ।

काठमाडौंका विभिन्न ठाउँहरूमा तोडफोड र आगजनी गरेको आरोपमा अहिलेसम्म २६७ जनालाई पक्राउ गरेर मुद्दा चलाइएको परिसरका एसएसपी रमेश थापाले बताए।

जसमध्ये २६२ पुरुष र ५ जना महिला छन्। यसरी समातिएका मध्ये प्रहरी हत्यामा संलग्न भएको आरोपमा मात्रै १६ जना पक्राउ परेका थिए। उनीहरू मध्ये १३ जना अहिले पुर्पक्षका लागि कारागार चलान भएको परिसरका एसपी पवनकुमार भट्टराईले बताए।

३ जना भने अहिले अनुसन्धानका लागि हिरासतमै छन्। अहिलेसम्म प्रहरी हत्यासहित अन्य मुद्दाका गरेर ४३ जना पुर्पक्षका लागि कारागार चलान भएका छन्। ३३ जना धरौटीमा रिहा भएका छन्। ११३ जनामाथि अहिले अनुसन्धान भइरहेको छ। ८७ जनालाई हाजिरी जमानीमा छाडिएको छ। पक्राउ परेकाहरूविरुद्ध १५४ मुद्दा दर्ता भएका छन्।

बिजुलीको सुरक्षित प्रयोग गरौं।

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं,
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं,
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं,
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं,
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं,
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं,
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं।

सावधानी अपनाऔं, सुरक्षित रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौं, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार